का.जि.प्र.का.द.नं. १००/०५९/६०

५ माघ २०८१,
शनिबार
18 January, 2025
Saturday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २२, अंक ३३० । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



# आक्रामक विपक्षी

**५ आरोप**

- संघीय संसद्को नियमित हिउँदे अधिवेशन नबोलाएको
- अध्यादेशमार्फत शासन गर्न खोजेको
- सरकारले भ्रष्टाचारविरोधी अभियानलाई पूरै अवरुद्ध गरेको
- थ्रेसहोल्ड या अन्य कुनै नाममा २ दलीय तानाशाही लाद्न खोजेको
- शान्ति प्रक्रियाका बाँकी काम अवरुद्ध पारेको



१५-२० दिनभित्र संसद् बस्छ । संसद् आएको पहिलो दिन अध्यादेश पेस गर्छौं

**केपी शर्मा ओली**
प्रधानमन्त्री



गठबन्धनको औचित्य सकिएको छ । प्रधानमन्त्रीले राजीनामा दिनुपर्छ

**पुष्पकमल दाहाल 'प्रचण्ड'**
अध्यक्ष
नेकपा (माओवादी केन्द्र)



संविधान संशोधन गर्न अब २०८७ सम्म कुर्नुपर्ने । यो सरकारलाई २०८७ सम्म टिकाइराख्नुपर्‍यो

**माधवकुमार नेपाल**
अध्यक्ष, नेकपा एस

**निमिष झा/मध्यान्ह**
काठमाडौं, ४ माघ ।

प्रमुख प्रतिपक्षी नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले विपक्षी दलहरूको साथ लिएर सरकारमाथि क्रमशः दबाब बढाउँदै लगेका छन् ।

संसद् अधिवेशनको सम्मुखमा अध्यक्ष प्रचण्ड सरकारप्रति आक्रामक बनेका छन् । संसद्मा ३२ सिटको प्रतिनिधित्व गर्ने प्रचण्डले त्यसलाई 'म्याजिक नम्बर' भन्दै सरकारप्रति आक्रामक >>> पृष्ठ २ मा

## प्रचण्डका ३ रणनीति

आफू नेतृत्वको सरकारले अगाडि सारेको सुशासन, सामाजिक न्याय, समृद्धि र संविधान संशोधनको मुद्दालाई सरकारविरुद्ध मुख्य हतियार बनाउने रणनीति प्रचण्डको छ। त्यसका लागि तत्कालीन कार्यनीति र भावी रणनीति तय गर्ने उनको योजना छ ।

सत्ता गठबन्धनले दुई तिहाइको दम्भ देखाएर माओवादी नेतृत्वको सरकारले अगाडि बढाएको सुशासन, सामाजिक न्याय र समृद्धिको यात्रा रोक्न खोजेको विश्लेषण प्रचण्डको छ ।

त्यसैले उनी अहिले ३ तरिकाले आफू बलियो हुने रणनीतिमा छन् । समाजवादी मोर्चाबाट थप शक्ति आर्जन गरी सरकारविरुद्ध प्रयोग गर्ने उनको पहिलो रणनीति हो । >>> पृष्ठ २ मा

## सडकदेखि सदनसम्म आन्दोलन

प्रचण्ड सरकारविरुद्ध सडक र सदन केन्द्रित आन्दोलनको मुडमा देखिन्छन् । यसको संकेत उनले शुक्रबार विपक्षी दलहरूको पत्रकार सम्मेलनमा दिएका छन् । सरकारले ल्याएको अध्यादेश र संसद् बैठक बोलाउन सरकारले गरिरहेको ढिलाइलाई आधार बनाएर उनले संसद्को विशेष अधिवेशनको माग गरेका छन् ।

संसद्को हिउँदे अधिवेशनभर करिब ३ महिना सरकारविरुद्ध आक्रामक बन्नुपर्ने बाध्यता प्रचण्डसँग छ । हिउँदे अधिवेशनमा आक्रामक हुन नसक्दा १ वर्ष कुर्नुपर्ने हुन्छ, जसले गर्दा प्रचण्डको आन्दोलन शिथिल हुन्छ । त्यस अर्थमा प्रचण्ड अहिलेको हिउँदे अधिवेशनमै बढ्ता आक्रामक हुनुपर्ने बाध्यतामा पनि छन् । पहिलो रणनीति हो । यसका लागि उनले मोर्चालाई थप सक्रिय बनाएका छन् । मोर्चामा माओवादी केन्द्र, नेकपा एस, विप्लव >>> पृष्ठ २ मा

## प्रधानमन्त्रीको राजीनामा माग

शुक्रबार विपक्षी दलको बैठकपछि संयुक्त पत्रकार सम्मेलनमा प्रचण्डले प्रधानमन्त्री केपी शर्मा ओलीको राजीनामा मागे ।

'सरकारले जे भनेर गठबन्धन गर्दा घोषणा गरेको थियो, ती कामहरू केही पनि भएका छैनन् । संविधान संशोधन त प्रधानमन्त्री आफैंले २०८७ सालमा मात्र हुन्छ भनिसकेपछि र सुशासनसहितका कुराहरूमा पनि ठीक उल्टो गतिविधि गरिसकेपछि नैतिक रूपमा ओली सरकारमा बसिरहने आधार गुमेको छ', उनले भने ।

नैतिकताका आधारमा भन्ने हो भने सरकारले राजीनामा दिनु उचित हुने उनको भनाइ थियो । उनले संविधान संसोधन २०८७ ालमा गर्ने भनेर प्रधानमन्त्रीले भनेपछि गठबन्धनको औचित्य सकिएको दाबी >>> पृष्ठ २ मा

### कछुवा गतिमा

# फास्ट ट्र्याक

## निरीक्षणमा राष्ट्रपति पनि थपिए

- द्रुतमार्गको लम्बाई ७० दशमलव ९७ किलोमिटर
- द्रुतमार्गको भौतिक प्रगति ३७ दशमलव ६० प्रतिशत मात्र
- ७ वटा सुरुङमध्ये अहिलेसम्म २ वटा सुरुङ मात्र छिचोलिएको
- ३ वटा सुरुङ निर्माणका लागि डिजाइन तथा पूर्वतयारीको काम भइरहेको
- ८९ वटा पुल बनाउनुपर्नेमा ५ वटा पुल निर्माण सम्पन्न

**नारायण अर्याल/मध्यान्ह**
काठमाडौं, ४ माघ ।

नेपाली सेनाले निर्माण व्यवस्थापनको जिम्मेवारी लिएको काठमाडौं-तराई-मधेश द्रुतमार्ग निर्माणको काम कछुवा गतिमा भइरहेको छ । तर, सरकारदेखि संसद्सम्मका विभिन्न व्यक्तिले शृंखलाबद्ध निरीक्षण गर्ने क्रममा राष्ट्रपति रामचन्द्र पौडेल पनि थपिएका छन् । शुक्रबार राष्ट्रपति पौडेलले द्रुतमार्गको निरीक्षण गरेर आयोजनाको प्रगतिबारे जानकारी लिएको राष्ट्रपतिको सचिवालयले जनाएको छ । राष्ट्रपति पौडेलले आयोजनालाई तोकिएको समयभित्र सम्पन्न गर्नेगरी काम गर्न निर्देशन दिएको सचिवालयले जनाएको छ ।

द्रुतमार्ग नाम दिइएको भए पनि कछुवा गतिमा भइरहेको निर्माण कार्यको निरीक्षण गर्ने काम भने अहिलेसम्म राज्यदेखि विभिन्न क्षेत्रका दर्जनौं टोलीले गर्ने गरेका छन् । पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले ५ वैशाख २०८० मा द्रुतमार्गका निर्माणाधीन प्याकेजहरूको निरीक्षण गरेका थिए । त्यसपछि सेनाले राज्य व्यवस्था समितिलाई बुझाएको विवरणअनुसार २९ पुस २०७९, ११ माघ र २९ माघदेखि ६ फागुनसम्म रक्षा मन्त्रालयका ३ वटा टोली द्रुतमार्गको निरीक्षण गर्न पुगेका थिए ।

९ देखि ११ वैशाख २०८० सम्म राष्ट्रियसभाको राष्ट्रिय सरोकार तथा समन्वय समितिले द्रुतमार्गको भौतिक प्रगति निरीक्षण गरेको थियो । समितिको सो टोलीले ३ दिन द्रुतमार्गको निरीक्षणमा बिताएको थियो । राष्ट्रिय योजना आयोगको टोलीले पनि २०८० असारमा द्रुतमार्गको निरीक्षण गरेको थियो ।

पछिल्लो राजनीतिक समीकरणपश्चात् प्रधानमन्त्री केपी शर्मा ओलीको नेतृत्वमा विभिन्न मन्त्रीसहितको टोलीले पनि गत २१ साउनमा द्रुतमार्गको निरीक्षण गरेको थियो । तर, आफ्नै गतिमा अगाडि बढीरहेको द्रुतमार्गको निर्माण प्रक्रियालाई दर्जनौं निरीक्षणले कुनै फरक पारिरहेको छैन ।

### तोकिएको समयमा सम्पन्न हुने सम्भावना न्यून

सरकारले २१ वैशाख २०७४ मा ३० साउन २०८० भित्र सम्पन्न गर्नेगरी द्रुतमार्ग निर्माण व्यवस्थापनको जिम्मेवारी नेपाली सेनालाई दिने निर्णय गरेको थियो । १४ जेठ २०७४ मा तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले द्रुतमार्गको शिलान्यास गरेसँगै २७ साउनमा औपचारिक रूपमै सेनाले द्रुतमार्गको जिम्मेवारी पाएको थियो ।

१ भदौ २०७६ को मन्त्रिपरिषद् बैठकले आयोजनाको डीपीआर स्वीकृत गर्दै २ खर्ब १३ अर्ब ९५ करोड लागत आँकलन गरेको थियो । सरकारबाट डीपीआर स्वीकृत भएपछि सेनाले १७ असोज २०७६ मा अन्तर्राष्ट्रिय परामर्शदाता छनोटका लागि आशयपत्र जारी गरेर २ जेठ २०७७ मा छनोट गरेको थियो ।

३१ वैशाख २०७८ मा मात्र अन्तर्राष्ट्रिय परामर्शदातासँग सम्झौता भएपछि मात्र द्रुतमार्ग निर्माणको काम सुरु भएको थियो । ३० साउन २०७८ मा स्वीकृत डीपीआरअनुसार द्रुतमार्गको लम्बाई ७० दशमलव ९७ किलोमिटर >>> पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

### विदेश जानेको लर्को

# कर्णालीबाट एकै वर्षमा १८ हजार बढी बिदेसिए

**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, ४ माघ ।

नेपालबाट दैनिक सरदर ४ हजार ७५४ जना नेपाली बिदेसिने गरेका छन् । २०८१ मंसिरसम्म मात्र करिब ११ लाख नेपाली बिदेसिएका हुन् ।

नेपालबाट विभिन्न प्रयोजनमा बिदेसिनेहरूको यो लर्को आउनेभन्दा बढी छ । ८ महिनामा ११ लाख ४१ हजार ९१ जना बिदेसिएका छन् भने आउने ९ लाख ४१ हजार ९४१ जना छन् ।

दैनिक ३ हजार ९२४ जना स्वदेश फर्किने गरेका छन् । यसरी हेर्दा आउने र जाने बीचको अन्तर १ लाख ९९ हजार १५० छ । रोजगार, घुमफिर, व्यवसाय प्रयोजन तथा आफन्त भेटघाटमा बिदेसिने लर्को बढेको छ । यीमध्ये सबैभन्दा धेरै वैदेशिक रोजगारीमा जानेहरू छन् ।

मंसिरमा १ लाख ३८ हजार ८३९, कात्तिकमा १ लाख ३२ हजार ११३, असोजमा १ लाख ४७ हजार ५७१, भदौमा १ लाख ४६ हजार ३९७, साउनमा १ लाख ४० हजार १७, असारमा १ लाख ४० हजार ८९८, जेठमा १ लाख २८ हजार २३, वैशाखमा १ लाख ६७ हजार २३३ गरी करिब ११ लाख ४१ हजार ९१ जना बिदेसिएका छन् ।

यसमा पुरुषको संख्या ८ लाख १२ हजार ८९९ छ भने महिलाको संख्या २ लाख ४८ हजार २२३ जना र अन्यको संख्या ११६ जना छ ।

त्यस्तै, मंसिरमा १ लाख १३ हजार ३५९, कात्तिकमा १ लाख १० हजार ८४१, असोजमा १ लाख ६४ हजार १७, भदौमा १ लाख ३८ हजार ८३८, साउनमा १ लाख ३ हजार ६७९, असारमा १ लाख ९ हजार ७१३, जेठमा १ लाख ५०१, वैशाखमा १ लाख ९९३ गरी ९ लाख ४१ हजार ९४१ जना स्वदेश फर्किएका छन् । यसमा पुरुषको संख्या ६ लाख ९३ हजार ६०२ छ भने महिलाको संख्या ३ लाख २८ हजार १०२ र अन्यको >>> पृष्ठ २ मा

### प्रलोभनमा नपर्न नेपाली दूतावासको आग्रह

**काठमाडौं/मस-** जर्मनीस्थित नेपाली दूतावासले माल्टा, रोमानिया, क्रोएसियालगायतका मुलुकमा वैदेशिक रोजगारीका शिलशिलामा कार्यरत नेपालीहरूलाई विभिन्न प्रलोभनमा पारी पोल्यान्ड र बुल्गेरिया लगेर अलपत्र पार्ने काम भएको भन्दै सचेत हुन आग्रह गरेको छ ।

जर्मनीस्थित नेपाली दूतावासले शुक्रबार अत्यन्तै जरुरी सूचना जारी गरी उक्त आग्रह गरेको हो ।

टिकटक, ह्वाट्सएप, फेसबुकलगायतका सामाजिक संजालमार्फत विभिन्न प्रकारका झुटा प्रलोभन दिने विवरण प्रचारप्रसार भइरहेको बताउँदै दूतावासले रोमानियामा काममा लगाउने भन्दै नेपालबाट लगेर दुवै देशमा अलपत्र पार्ने गरेको पाइएको >>> पृष्ठ २ मा

# रविसहित १४ जनालाई प्रतिवादी बनाउन प्रहरीको राय

**मध्यान्ह संवाददाता**
चितवन, ४ माघ ।

सहकारीको रकम अपचलन मुद्दा खेपिरहेका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) अध्यक्ष रवि लामिछानेसहित १४ जनाविरुद्ध अनुसन्धान गरेर तयार पारेको पूरक प्रतिवेदन चितवन प्रहरीले सरकारी वकिलको कार्यालयमा पेस गरेको छ ।

सहारा चितवन बहुउद्देश्यीय सहकारी संस्थाको बचत रकम अपचलन गरेको जाहेरीमा चितवन प्रहरीले अनुसन्धान गरिरहेको थियो ।

सहारा सहकारीबाट गोर्खा मिडिया नेटवर्क प्रा.लि.मा १० करोड ८० लाख १८ हजार १५१ लाख रुपैयाँ गएको अनुसन्धानमा देखिएको बताइएको छ । लामिछाने र छविलाल जोशी गोर्खा मिडियाका संचालक हुन् ।

गत ८ असोजमा पनि प्रहरीले सहारा सहकारीका पीडितले दिएको जाहेरीका आधारमा अनुसन्धान गरी सरकारी वकिलको कार्यालयमा प्रतिवेदन बुझाएको थियो । सरकारी वकिलको कार्यालयले जी. बी. राईलगायत १७ जनाविरुद्ध सहकारी संस्थाको बचत रकम हिनामिना गरेको अभियोगमा चितवन जिल्ला अदालतमा मुद्दा दायर गरेको थियो ।

सहकारीबाट रकम गएको भनिएको गोर्खा मिडियाको ग्लोबल आइएमई बैंकको खातामा जम्मा भएको ४७ करोड रुपैयाँ बराबरको कारोबार के कसरी, को-कोसँग भएको हो, सोको विवरण प्राप्त नदेखिएकाले सो सम्बन्धमा थप अनुसन्धान गर्न सरकारी वकिलको कार्यालयले चितवन प्रहरीलाई निर्देशन दिएको थियो ।

**सहकारी ठगी प्रकरण**

अदालतमा राईसहित डेढ दर्जन व्यक्ति उपर ठगीसम्बन्धी कसुरमा मुद्दा यसअघि नै दर्ता भइसकेको छ ।

यो सहकारीका कुल बचतकर्ता ६ हजार ३३४ छन् भने कुल बचत रकम ५२ करोड ३२ लाख ८५ हजार ३०८ रुपैयाँ रहेको अनुसन्धान प्रतिवेदनमा छ ।

सहारा सहकारीका ४४६ जना बचतकर्ताले प्रहरीमा दिएको उजुरीका आधारमा प्रहरीले अनुसन्धान गरेर बुझाएको प्रतिवेदनका आधारमा अदालतमा मुद्दा दायर गरिएको थियो । प्रहरीले सोसहित थप १० निवेदनको आधार पूरक प्रतिवेदन तयार पारेको हो । उनीहरूको त्यहाँ ३८ करोड ९ लाख ७९ हजार १७७ रुपैयाँ बचत छ । अनुसन्धान प्रतिवेदनमा उक्त रकम बराबर बिगो माग दाबी गर्न राय दिइएको छ ।

प्रहरीले प्रतिवादीहरूलाई मुलुकी अपराध संहिता, २०७४ को दफा २४९ को उपदफा १ र २ विपरीत कसुरमा दफा २४९ को उपदफा ३ (ग) बमोजिम सजाय माग दाबी गरेको चितवन प्रहरीले जानकारी दिएको छ । संगठित अपराध निवारण ऐन, २०७० को दफा ३(१) (२) ३ (क) र ५ बमोजिम दफा ९ (क) र (ग) बमोजिम सजाय माग पनि गरिएको छ ।

**रुपन्देहीमा दर्ता हुन सकेन पूरक मुद्दा**

बुटवल/मस- रुपन्देही जिल्ला अदालतमा दर्ता भएको मुद्दाको सक्कल फाइल आउन ढिलाइ भएपछि शुक्रबार हुने भनिएको सुप्रिम >>> पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
५ माघ २०८१ शनिबार
18 January 2025, Saturday

# पेट्रोलियम पदार्थको नमुना लिएर प्राविधिक टोली चीन फर्कियो



**दैलेख/मस–** दैलेखको भैरवी गाउँपालिका-१ जलजलेमा पेट्रोलियम पदार्थ अन्वेषणको 'ड्रिलिङ' कार्य सम्पन्न भएसँगै निस्किएको नमुना लिएर प्राविधिक विज्ञ टोली चीन फर्किएको छ।

२३ वैशाखदेखि सुरु गरिएको ड्रिलिङ कार्यबाट भेटिएको नमुना लिएर विज्ञ टोली चीन गएको हो ।

खानी तथा भूगर्भ विभागका भूगर्भविद् प्रकाश लुइँटेलले ४ हजार १३ मिटर गहिराइसम्म ड्रिलिङ कार्य सकिएसँगै त्यसबाट आएका नमुना 'स्याम्पल' लिएर चीनको प्राविधिक टोली फर्किएको बताए ।

उनले भने, 'विज्ञहरूले४ हजार १०३ गहिराइसम्म खन्दा २/२ मिटरको फरकमा गहिराइबाट गिट्टी र बालुवाको नमुना संकलन गरिएको थियो । प्राप्त नमुनालाई संकलन गरी सोर्स रक, रिजर्भ वायर रक र सिल रक थप अध्ययनका लागि मालवाहक गाडीमा ढुवानी गरेर टोली चीन फर्किएको हो ।

पेट्रोलियम पदार्थको अन्वेषणका लागि गरिएको ड्रिलिङ कार्य सकिएपछि केसिङ र सिमेन्टको काम सकिएको भूगर्भविद् लुइँटेलले बताए ।

उनले पेट्रोलियम पदार्थको अन्वेषणका लागि चीनबाट आएको ३५ जनाको प्राविधिक टोलीमध्ये १५ जना मात्र जलजलेमा रहेका र अन्य सबै फर्किएको जानकारी दिए । ३ महिनापछि उत्खननका लागि ग्यास भण्डारण र प्रशोधनको काम अगाडि बढाउन सकिने उनले बताए ।

भूगर्भविद् लुइँटेलले भने, 'पहिलो चरणमा चिनियाँ प्राविधिकहरूले दैलेखको स्थलगत अध्ययन गरेर पेट्रोलियम पदार्थ हुनसक्ने सम्भावित ठाउँ पत्ता लगाएका थिए । त्यसैका आधारमा ड्रिलिङका लागि रिङ हाउस निर्माण गरी काम सुरु भएको थियो । खानी भेटिएपछि त्यसको आर्थिक विश्लेषण हुने र त्यसपछि मात्र उत्पादनको आवश्यक काम अगाडि बढ्ने छ ।'

दैलेखको शीरस्थान नाभिस्थान पादुका स्थानमा तीन वर्षभित्र पेट्रोलियम पदार्थको अनुसन्धान सक्ने गरी चिनियाँ सरकारसँग नेपाल सरकारले सन् २०१९ फेब्रुअरी २८ मा सम्झौता गरेको थियो ।

सुरुआतमा तीन वर्षभित्र तीन चरणमा काम सक्ने गरी सम्झौता भए पनि कोरोना महामारीका कारण सम्झौताअनुसार काम हुन सकेको थिएन । चीन सरकारको दुई अर्ब ५० करोड रुपैयाँ अनुदानमा पेट्रोलियम पदार्थको अन्वेषण गरिएको हो ।

## आक्रामक...

बनेका हुन् । उनको आक्रामकता सरकार ढाल्न नै प्रेरित रहेको कोणबाट पनि हेरिएको छ । यसका लागि उनले विपक्षी दलहरूको साथ लिएका छन् ।

प्रचण्डले संसद्मा रहेको नेकपा (एकीकृत समाजवादी), राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)को समर्थन खोजेका छन् । संसद्मा नरहेको नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी (नेकपा)लाई पनि साथमा लिएका छन् । सरकारमाथि थप दबाब बढाउन प्रचण्डले निष्क्रिय रहेको समाजवादी मोर्चालाई ब्युँताएका छन् ।

**थ्रेसहोल्डको त्रास**

विपक्षी दलहरू सरकारले संविधान संशोधनमार्फत थ्रेसहोल्ड ५ प्रतिशत पुऱ्याउन लागेकामा सबैभन्दा त्रसित देखिएका छन् । उनीहरूले त्यसका कारण २ दलीय तानाशाही शासन लाद्न खोजिएको जिकिर गरेका छन् ।

'कुनै नाममा २ दलीय तानाशाही लाद्ने परिकल्पना संविधानले गरेको छैन । तर, स्वेच्छाचारी र तानाशाही ढंगले सत्तामा टिकी राख्न र विपक्षी दलहरूलाई फुटाउन राजनीतिक दलसम्बन्धी अध्यादेश ल्याउने पटकपटकको कसरतले नेपाली जनताले विभिन्न संघर्षबाट प्राप्त गरेका ऐतिहासिक उपलब्धि खोसिनेसम्मको परिस्थिति देखापरिरहेको छ', उनीहरूले भनेका छन् । सरकारले तत्काल अधिवेशन नबोलाए आफूहरूले विशेष अधिवेशन माग गर्ने पनि उनीहरूले चेतावनी दिएका छन् । 'हामी विपक्षी दलहरू संसद्को मर्यादा र गरिमाको सम्मान गर्दै तत्काल संसद्को हिउँदे अधिवेशनको माग गर्छौं', वक्तव्य पढेर सुनाउँदै प्रचण्डले भने ।

साथै, उनले सरकारले तत्काल अधिवेशन प्रक्रिया थालनी नगरे विशेष अधिवेशन माग हुने जानकारी गराए । गत वर्ष प्रचण्ड प्रधानमन्त्री रहेका बेला गत वर्षको हिउँदे अधिवेशन २२ माघदेखि सुरु भएको थियो । तर, उनी अहिले हिउँदे अधिवेशन बोलाउन सरकारले ढिलाइ गरेको दाबी गरिरहेका छन् । स्वयं प्रचण्ड प्रधानमन्त्री रहेका बेला संसद् अधिवेशन आह्वान भएको समय आइपुग्न अझै २ हप्ता बाँकी छ तैपनि उनले संसद् अधिवेशन आह्वानको मागलाई चर्काउँदै गएका छन् ।

प्रतिनिधिसभामा माओवादीका ३२, रास्वपाका २०, राप्रपाका १४, एकीकृत समाजवादीका १०, राष्ट्रिय जनमोर्चाका १, आमजनता पार्टीका १ र नेपाल समाजवादी पार्टीका १ गरी ७९ सांसद छन् । प्रतिनिधिसभाको सम्पूर्ण सदस्य संख्या २७५ को एक चौथाइ संख्या ६९ हो । तसर्थ, अंकगणितका हिसाबले प्रतिपक्षी दलले एक चौथाइ सांसदको लिखित अनुरोधमा संसद्को विशेष अधिवेशन माग गर्न सक्ने देखिन्छ ।

**'१५–२० दिनभित्रै संसद् बस्छ'**

प्रधानमन्त्री केपी शर्मा ओलीले अध्यादेशमार्फत शासन गर्ने आफ्नो कुनै इच्छा नरहेको प्रस्ट पारेका छन् । शुक्रबार काठमाडौंमा आयोजित कार्यक्रममा प्रधानमन्त्री ओलीले भने, '२ महिनासम्म देशका कामहरू रोक्न नहुने भएर मात्र अध्यादेश ल्याइएको हो ।'

'अहिले हामीले भर्खर कानुन अध्यादेशमार्फत ल्याएका छौं । कतिपयले त्यसको विरोध गर्न खोजिरहेका छन्', प्रधानमन्त्री ओलीले भने, '१५-२० दिनभित्र संसद् आइसक्छ । संसद् आएको पहिलो दिन त्यहाँ पेस गर्छौं । त्यहाँ छलफल गर्छौं र अगाडि बढाउँछौं ।'

ओलीले अध्यादेश ल्याएर शासन गर्न खोज्यो भन्नु कुतर्क भएको बताए ।

## सडकदेखि...

नेतृत्वको नेकपा र महेन्द्र राय यादव नेतृत्वको नेसपा छ । उपेन्द्र यादव नेतृत्वको जसपालाई पनि पुनः मोर्चामा ल्याउने तयारी प्रचण्डको छ । तर, यादवले आफ्नो पार्टी फुटाउन प्रचण्डले भूमिका निर्वाह गरेको भन्दै मोर्चामा नजाने बताएका छन् ।

माओवादी शक्ति र वामपन्थीहरूबीच एकता गरेर बलियो शक्ति बनाउने प्रचण्डको दोस्रो रणनीति छ । त्यसका लागि उनले विप्लव र ढा. बाबुराम भट्टराईबाट फुटेर आएका महिन्द्र राय यादवसँग एकता गर्ने तयारीमा छन् । यदि सरकारले दल विभाजनसम्बन्धी अध्यादेश ल्याउने तयारी गरेमा त्योभन्दा पहिला नै माधवकुमाार नेपालसँग एकता गर्ने अर्को रणनीति पनि प्रचण्डको छ ।

प्रतिपक्षमा भएका र मोर्चामा आउन सक्ने अन्य शक्तिलाई एक ठाउँमा उनले ल्याएका छन् । माओवादी केन्द्रसहित, राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, नेकपा (एकीकृत समाजवादी), राष्ट्रिय जनमोर्चा, नेपाल समाजवादी पार्टी र आमजनता पार्टीलाई एकै ठाउँमा राखेका छन् । यसका साथै उपेन्द्र यादवको जसपा, सी. के. राउतको जनमत पार्टी र रेशम चौधरीको नागरिक उनमुक्ति पार्टीलाई पनि आफ्नो कित्तामा ल्याउने रणनीति भए पनि यसमा उनी अहिले सफल भइसकेका छैनन् ।

## प्रचण्डका...

यसका लागि उनले मोर्चालाई थप सक्रिय बनाएका छन् । मोर्चामा माओवादी केन्द्र, नेकपा एस, विप्लव नेतृत्वको नेकपा र महेन्द्र राय यादव नेतृत्वको नेसपा छ । उपेन्द्र यादव नेतृत्वको जसपालाई पनि पुनः मोर्चामा ल्याउने तयारी प्रचण्डको छ । तर, यादवले आफ्नो पार्टी फुटाउन प्रचण्डले भूमिका निर्वाह गरेको भन्दै मोर्चामा नजाने बताएका छन् ।

माओवादी शक्ति र वामपन्थीहरूबीच एकता गरेर बलियो शक्ति बनाउने प्रचण्डको दोस्रो रणनीति छ । त्यसका लागि उनले विप्लव र ढा. बाबुराम भट्टराईबाट फुटेर आएका महिन्द्र राय यादवसँग एकता गर्ने तयारीमा छन् । यदि सरकारले दल विभाजनसम्बन्धी अध्यादेश ल्याउने तयारी गरेमा त्योभन्दा पहिला नै माधवकुमाार नेपालसँग एकता गर्ने अर्को रणनीति पनि प्रचण्डको छ ।

प्रतिपक्षमा भएका र मोर्चामा आउन सक्ने अन्य शक्तिलाई एक ठाउँमा उनले ल्याएका छन् । माओवादी केन्द्रसहित, राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, नेकपा (एकीकृत समाजवादी), राष्ट्रिय जनमोर्चा, नेपाल समाजवादी पार्टी र आमजनता पार्टीलाई एकै ठाउँमा राखेका छन् ।

यसका साथै उपेन्द्र यादवको जसपा, सी. के. राउतको जनमत पार्टी र रेशम चौधरीको नागरिक उनमुक्ति पार्टीलाई पनि आफ्नो कित्तामा ल्याउने रणनीति भए पनि यसमा उनी अहिले सफल भइसकेका छैनन् ।

## प्रधानमन्त्रीको...

पनि गरे । उनले ओली सरकारले भ्रष्टाचारलाई बढावा दिएको र अन्तर्राष्ट्रिय सबन्ध सन्तुलित राख्न नसकेको आरोप पनि लगाए ।

यस्तै, नेकपा एसका अध्यक्ष माधवकुमार नेपालले वर्तमान सरकारले जनअपेक्षा पूरा गर्न नसकेको आरोप लगाए । उनले जनतालाई सुशासन, रोजगारी दिन र उत्पादन बढाउन अहिलेको सरकारले नसकेको तर्क गरे ।

'संविधान संशोधन गर्नेजस्तो विषयमा अरू कुनै पार्टीसँग परामर्श नगरी रातारात संविधान संशोधन नगरी नहुने के थियो विषय र अहिलेसम्म किन अघि बढेन ? अब २०८७ सालसम्म कुर्नुपर्ने । यो सरकारलाई २०८७ सम्म टिकाई राख्नुपऱ्यो । प्रधानमन्त्रीलाई टिकाई राख्नुपर्ने ? यसको जबाफ दिनुपऱ्यो', नेपालले भने । विपक्षी दलहरूले वर्तमान सत्ता गठबन्धनले सरकार संचालनको नैतिक आधार गुमाइसकेको निष्कर्ष निकालेका छन् । विपक्षी दलको बैठकपछि जारी संयुक्त प्रेस वक्तव्यमा भनिएको छ, 'बहुदलको दम्भमा सरकारले चाल्दै आएका एकपछि अर्को यस्ता कैयौं जनविरोधी कदममा जनस्तरबाट चर्को विरोध हुन थालेपछि संसद्मा प्रतिरक्षा गर्न नसकी अध्यादेशको भर पर्नुपर्ने अवस्थाले सत्तारूढ गठबन्धनले सरकार संचालनको नैतिक आधार गुमाइसकेको प्रस्ट हुन्छ ।' वक्तव्यमा माओवादी केन्द्रका अध्यक्ष प्रचण्डसहित, रास्वपाका कार्यबाहक सभापति डोलप्रसाद अर्याल, राप्रपाका अध्यक्ष राजेन्द्र लिङ्देन, नेकपा एसका अध्यक्ष नेपाल, राष्ट्रिय जनमोर्चाकी उपाध्यक्ष दुर्गा पौडेल, आमजनता पार्टीका सहअध्यक्ष तिलक थापा मगर र नेपाल समाजवादी पार्टीका अध्यक्ष महेन्द्र राय यादवले हस्ताक्षर गरेका छन् ।

## तोकिएको...

हुने उल्लेख छ । हालसम्मको प्रगति विवरणअनुसार द्रुतमार्गको भौतिक प्रगति ३७ दशमलव ६० प्रतिशत मात्र भएको छ । विभिन्न १३ वटा प्याकेजमा छुट्याएर गरिएको निर्माण कार्यअन्तर्गत ७ वटा सुरुङमध्ये अहिलेसम्म २ वटा सुरुङ मात्र छिचोलिएको छ । अन्य ३ वटा सुरुङ निर्माणका लागि डिजाइन तथा पूर्वतयारीको काम भइरहेको छ । त्यस्तै, द्रुतमार्गमा ८९ वटा पुल बनाउनुपर्नेमा अहिलेसम्म ५ वटा पुलको मात्र निर्माण सम्पन्न भएको छ ।

सेनालाई निर्माण व्यवस्थापन दिइएको समयसीमामध्ये अब डेढ वर्ष मात्र समय बाँकी छ । तर, सेनाले नै सार्वजनिक गरेको प्रतिवेदनअनुसार द्रुतमार्गको भौतिक निर्माणको काम अझै ६० प्रतिशत बाँकी छ ।

निर्माण कार्य ढिलाइ हुनुमा रूख कटानसम्बन्धी कानुनी व्यवस्था, प्याकेज खरिद प्रक्रियालगायतका विषयहरू रहेका सेनाले बताउने गरेकामा अहिलेसम्म दर्जनौं समूहद्वारा गरिएको निरीक्षणपश्चात् पनि सरकारले भने सो दिशामा छिटो काम सम्पन्न गर्ने हिसाबले सहजीकरण गरेको देखिँदैन ।

## कर्णालीबाट...

संख्या ९० छ । यता, वैदेशिक रोजगार विभागले सन् २०२४ मा मात्र ३ लाख ५४ हजार ८१ जनाले श्रम स्वीकृति लिएका जनाएको छ । यसमा ३ लाख १८ हजार ९६८ पुरुषले श्रम स्वीकृति लिएका छन् भने ३५ हजार ११३ महिला छन् ।

कर्णाली प्रदेशमा स्वदेशमा रोजगारीका अवसरहरूको अभावले बर्सेनि वैदेशिक रोजगारीमा जाने नागरिकहरूको संख्या बढ्दै गएको छ । हालैको नेपाल राष्ट्र बैंकको प्रतिवेदनअनुसार आर्थिक वर्ष २०८०/०८१ मा कर्णाली प्रदेशबाट १८ हजार ६७० नयाँ श्रम स्वीकृति लिई विदेश गएका छन् भने पुनः श्रम स्वीकृतिसहित २४ हजार १७५ जनाले वैदेशिक रोजगारीको अवसर प्राप्त गरेका छन् ।

कर्णाली प्रदेशका अधिकांश जिल्लाबाट नागरिकहरू विदेश जाने क्रममा छन् । गत आर्थिक वर्षमा कर्णालीमा सबैभन्दा धेरै सल्यानबाट ५ हजार ३९४ जनाले श्रम स्वीकृति लिएका छन् । सबैभन्दा कम डोल्पाका ४४८ जनाले श्रम स्वीकृति लिएका छन् । यस्तै, दैलेखबाट ३ हजार २३०, हुम्लाबाट ५१२, जाजरकोटबाट २ हजार ३९६, जुम्लाबाट ९५६, कालीकोटबाट ८९५, मुगुबाट ५३७, रुकुमपश्चिमबाट २ हजार ६४१ र सुर्खेतबाट ५ हजार ३९४ जनाले श्रम स्वीकृति लिएका छन् ।

नेपाल जीवनस्तर सर्वेक्षण चौथो (२०७९/०८०)को प्रतिवेदनअनुसार कर्णाली प्रदेशको गरिबीको दर २६ दशमलव ६९ प्रतिशत छ । कर्णाली प्रदेशबाट भारतलगायत अन्य वैदेशिक रोजगारीका लागि जानेको संख्या धेरै छ । कर्णालीका धेरै युवाहरू वैदेशिक रोजगारीमा जानुपर्ने बाध्यतामा छन् । यसका कारण उनीहरूको आर्थिक उन्नति विदेशबाटै निर्भर छ । कर्णाली प्रदेशमा रोजगारीका अवसर सिर्जना गर्नु ठूलो चुनौती बनेको छ ।

**किन जान्छन् विदेश ?**

नेपालको जनक्तिको बढ्दो विदेश पलायनले देश निर्माणमा, अर्थतन्त्रमा, रोजगारी सिर्जना र अवसरहरूको सदुपयोगमा ठूलो नकारात्मक असर पारेको छ । नेपालमा युवाहरूको बढ्दो पलायनको तथ्यांकले देशको युवा शक्ति रित्तिने संकेत स्पष्ट रहेको छ ।

यसले गाउँ वा देश मात्र रित्तिरहेको छैन, यसले हाम्रा सामाजिक मूल्य र मान्यताहरू, साँस्कृतिक संरचनाहरू कतै न कतै कमजोर बनिरहेका प्रस्ट छ । वैदेशिक रोजगारीमा जानु भनेकै देशमा रोजगारीको अवसर नहुनु नै रहेको सर्वसाधारण बताउँछन् । कतिपय व्यक्ति देशमा रोजगार प्राप्त गर्दागर्दै अन्य कारणले बिदेसिने गरेका समेत पाइएको छ ।

## प्रलोभनमा...

पनि बताएको छ । दूतावासले नेपालबाट जुन मुलुकका लागि श्रम स्वीकृति लिएको हो, सोही मुलुकमा कार्यरत रहन भन्दै वैदेशिक रोजगारीमा रहेकाहरूलाई प्रलोभनमा पार्ने व्यक्ति तथा समूहको पहिचानका लागि काम भइरहेको बताएको छ । दूतावासले कसैसँग आवश्यक जानकारी भए वा पीडित भएको भए उजुरी दिनसमेत आग्रह गरेको छ ।

केही समययता रोमानिया हुँदै सेन्जेनअन्तर्गतका अन्य युरोपेली मुलुकहरू प्रवेश गर्न चाहने नेपाली युवाहरूको संख्या अत्यधिक वृद्धि भएको बताइएको छ । कतिपय सेन्जेन मुलुकमा रोजगारीसँगै स्थायी बसोबासको अवसर समेत छ ।

बिचौलियाहरूले स्थायी बसोबासको सपना बाँडेर धेरै नेपाली युवालाई प्रलोभनमा पारी रोमानियाबाट बुल्गेरिया लगेर अलपत्र पार्ने र लाखौं रकम असुली गर्ने गरेका बताइएको छ ।

कतिपयले सेन्जेन मुलुकमा रोजगारी बसोबास ग्यारेन्टी भन्दै नेपालमा आफ्नो खातामा नहाली अरूको खातामा रकम हाल्न लगाई शोषण गर्ने गरेको र कतिपयले नक्कली कागजात बनाई ' काम हुँदै छ' भन्दै रकम असुली गर्ने गरेको बताइएको छ ।

## रविसहित...

सहकारी संस्थाको रकम अपचलनसम्बन्धी पूरक मुद्दा दर्ता हुन सकेन ।

रास्वपा सभापति रवि लामिछाने र गोर्खा मिडिया नेटवर्कका उपाध्यक्ष छविलाल जोशीसहितका १४ जनाविरुद्ध शुक्रबार जिल्ला अदालतमा पूरक मुद्दा दर्ता गर्ने जिल्ला सरकारी वकिलको कार्यालयले तयारी गरेको थियो तर सर्वोच्च अदालतमा पठाइएको सक्कल फाइल आउन ढिलाइ भएपछि पूरक मुद्दा दर्तामा ढिलाइ भएको सरकारी वकिलको कार्यालयले जनाएको छ । जिल्ला सरकारी वकिल कार्यालय रूपन्देहीले सुरु मुद्दामा ३ वैशाख २०८१ मा २८ जनालाई सहकारी ठगीसम्बन्धी मात्र कसुर लगाई १ अर्ब ३ करोड मात्र बिगो माग गरेको थियो ।

रवि गृहमन्त्री रहेकै बेला दायर सुप्रिम सहकारीको मुद्दामा त्यतिबेला १ हजार ८३१ बचतकर्ताको ८६ करोड १८ लाख २३ हजार ७५४ रुपैयाँ हिनामिना गरेको दाबी गर्दै २८ जनाविरुद्ध मुद्दा दायर भएको थियो ।

त्यसमध्ये १७ जनालाई सहकारी ठगी र संगठित अपराधको कसुर र बिगो थपसहितको मुद्दा दर्ताका लागि बिहीबार अदालतमा पेस गरेको थियो भने लामिछाने र जोशीसहितका थप १४ जनाविरुद्ध शुक्रबार पूरक मुद्दा दर्ता गर्ने तयारी थियो ।

सुप्रिम सहकारीबाट लामिछानेले २ करोड र जी. बी. राईलगायतको नामबाट १४ करोड २९ लाख रुपैयाँ विभिन्न व्यक्तिमार्फत गोर्खा मिडिया नेटवर्कमा पुगेको संसदीय छानबिन विशेष समिति र प्रहरीको प्रतिवेदनमा उल्लेख छ ।

**जी. बी.को राहदानी रद्द गर्न आदेश**

पोखरा/मस- पोखराको सूर्यदर्शन सहकारी ठगीमा फरार रहेका गीतेन्द्रबाबु राईको राहदानी रद्द गर्न शुक्रबार कास्की जिल्ला अदालतले आदेश दिएको छ । न्यायाधीश हिमलाल बेल्बासेको इजलासले उनको राहदानी रद्द गर्न आदेश दिएको हो । राहदानी रद्द गर्न राहदानी विभागमा पत्र पठाउने निर्णय भएको कास्की अदालत स्रोतले बताएको छ ।

राईविरुद्ध सहकारी ठगी, संगठित अपराध र सम्पत्ति शुद्धीकरणमा अदालतमा मुद्दा विचाराधीन छ । राई मुद्दा प्रक्रियामा सहभागी नभएका र विदेशमा रहेका भन्ने जानकारीका आधारमा राहदानी रद्द गरी लिन सकिन्छ भन्ने उद्देश्यले अदालतले राहदानी रद्द गर्न अनुमति दिएको अदालतको भनाइ छ ।

# प्रेस संगठनका अध्यक्ष सुवेदी प्रेस चौतारीमा



**काठमाडौं/मस–** समाजवादी प्रेस संगठन नेपालका अध्यक्ष विश्वमणि सुवेदीसहितका बहुसंख्यक पदाधिकारी एमाले निकट प्रेस चौतारी नेपालमा प्रवेश गरेका छन् ।

एमाले महासचिव शंकर पोखरेल, प्रचार विभाग प्रमुख राजेन्द्र गौतम र चौतारीका अध्यक्ष गणेश बस्नेतले सुवेदीसहितको टीमलाई प्रेस चौतारीमा स्वागत गरेका हुन् ।

माधवकुमार नेपाल नेतृत्वको नेकपा (एकीकृत समाजवादी) को पत्रकार भ्रातृ संगठन रहेको समाजवादी प्रेस संगठनको २०८० जेठमा सम्पन्न महाधिवेशनबाट सुवेदी अध्यक्षमा निर्वाचित भएका थिए ।

५ पुस २०७७ मा संसद विघटन भएपछि तत्कालीन नेकपा सम्बद्ध प्रेस संगठनमा प्रचण्ड-समूहअन्तर्गत प्रेस चौतारी पृष्ठभूमिका पत्रकारको नेतृत्व सुवेदीले गरेका थिए । पार्टी विभाजन भएपछि प्रेस चौतारीको उक्त समूहले समाजवादी प्रेस संगठन स्थापना गरेका थिए ।

सुवेदीसँगै संगठनका उपाध्यक्ष सविन शर्मा, महासचिव रामकुमार एलन, सचिव नेपोलियन चेपाङ, कोषाध्यक्ष कृपा भण्डारी, केन्द्रीय सदस्यहरू आशिष गुरागाईं, सौगात मिश्र, नरेन्द्र विष्ट पनि प्रेस चौतारीमा प्रवेश गरेका छन् ।

अध्यक्ष सुवेदीले प्रेस चौतारीमा केन्द्रीय सदस्य, कोषाध्यक्ष र उपाध्यक्षको जिम्मेवारी बहन गरिसकेका छन् । २०५० सालमा छलफल साप्ताहिकबाट पत्रकारिता सुरु गरेका उनले २०५५ सालदेखि गत साउनसम्म जनआस्था साप्ताहिकका विभिन्न जिम्मेवारीमा रहेर काम गरिसकेका छन् । उनी हाल नेपाल प्रेसमा आवद्ध छन् ।

यसैबीच समाजवादी प्रेस संगठन नेपालले अध्यक्ष सुवेदीलाई साधारण सदस्य समेत नरहने गरी निष्कासन गरेको छ । प्रेस संगठनले सुवेदीमाथि चार वटा आरोप लगाएको छ । संगठनका वरिष्ठ उपाध्यक्ष नवराज छतकुलीले सुवेदीले लामो समयसम्म संगठनको बैठक नबसाएको, नेपाल पत्रकार महासंघको निर्वाचनमा विपक्षी उम्मेदवारलाई सघाएको, आर्थिक हिनामिना गरेको तथा संगठनका विरुद्ध निरन्तर गतिविधि गरेको भन्दै साधारण सदस्य समेत नरहने गरी निष्कासन गरेको जनाएका छन् ।

# महानगरले सुरु गऱ्यो गाडीको प्रदूषण जाँच



**काठमाडौं/मस–** काठमाडौं महानगरपालिकाले ट्राफिक प्रहरीको सहकार्यका सवारी साधनहरूको प्रदूषण जाँच सुरु गरेको छ । महानगरका मेयर बालेन साहले महानगरले सवारी साधनहरूको प्रदूषण जाँच गरी रहेको जानकारी दिएका हुन् ।

शुक्रबार मेयर साहले सामाजिक सञ्जालमा 'के तपाईंको सवारी साधनको अवस्था ठिक छ' प्रश्न गर्दै प्रदूषणको मात्रा धेरै छ र अवस्था ठिक छैन भने त्यस्ता गाडीलाई मर्मत र सरसफाइ गराउन आग्रह गरेका छन् । ट्राफिक प्रहरीको सहकार्यका सवारी साधनहरूको प्रदूषण जाँच भइरहेको उनले जनाएका हुन् ।

मापदण्डमा पेट्रोलबाट चल्ने सवारी साधन र डिजेलबाट चल्ने सवारी साधन र निर्माण अवधिलाई छुट्टाछुट्टै सूचक राखिएको छ । सन् १९८० सम्म उत्पादन भएका चार पाङ्गे सवारी साधनको कार्बन मोनोक्साइडको मात्रा अधिकतम ४.५ प्रतिशत (वाइ भोल्युम) हुनुपर्छ । सन् १९८१ वा त्यसभन्दा पछि उत्पादन भएका सवारी साधनमा कार्बन मोनोक्साइडको मात्रा अधिकतम ३ प्रतिशत (वाइ भोल्युम) हुनुपर्छ । तीन पांग्रे सवारीको हकमा सन् १९९१ सम्ममा उत्पादन भएका सवारी साधनमा कार्बन मोनोक्साइडको मात्रा अधिकतम ४.५ प्रतिशत (वाइ भोल्युम) हुनुपर्छ । दुई पाङ्ग सवारी साधनको हकमा कार्बन मोनोक्साइडको मात्रा अधिकतम ४.५ प्रतिशत (वाइ भोल्युम) हुनुपर्छ । सन् १९९४ सम्ममा उत्पादन गरिएका सबै किसिमका डिजेल सवारी साधनका लागि सवारीको धुवाँको घनत्व (स्मोक डेन्सिटी) अधिकतम ७५ हर्टिज स्मोक युनिट (एचएसयु) हुनुपर्छ । सन् १९९५ वा सोभन्दा पछि उत्पादन भएका सवारी साधनका लागि सवारीको धुवाँको घनत्व (स्मोक डेन्सिटी) अधिकतम ६५ हर्टिज स्मोक युनिट (एचएकयु) हुनुपर्छ । जाँचका क्रममा तोकिएको एकाइभन्दा माथिल्लो अंक देखियो भने प्रदूषण मापदण्ड बाहिर हुन्छ ।

# नेपाली सेनाले फोटो प्रदर्शनी गर्ने

**काठमाडौं/मस–** सेना दिवसले 'नेपाली सेना फोटो तथा बृहत् प्रदर्शनी' आयोजना गर्ने भएको छ । सेना दिवसको अवसरमा १५ माघदेखि १८ गतेसम्म जङ्गीअड्डामा फोटो प्रदर्शनी हुन लागेको नेपाली सेनाले जनाएको छ । नेपाली सेनासम्बन्धी विगतदेखि वर्तमानसम्मका गतिविधि झल्कने फोटो, हातहतियार, उपकरणलगायत सामग्री प्रदर्शन गरिने सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ । सो अवसरमा सैनिक पोशाक, सैनिक ब्याण्ड, सैनिक हवाई सेवा, घोडचढी, राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु आरक्ष, शान्ति सेना, विकास निर्माण, विपद् व्यवस्थापन, खेलकुद, राष्ट्रिय सेवा दलका साथै सैनिक विद्यालयलगायत विविध गतिविधिको प्रदर्शनी हुनेछ । आम नागरिकलाई नेपाली सेनाका विविध गतिविधि नजिकबाट नियाल्ने अवसर प्रदान गर्ने उद्देश्यले आयोजना गर्न लागिएको उक्त प्रदर्शनीमा अवलोकनकर्तालाई निःशुल्क प्रवेशको व्यवस्था गरिएको सेनाले जनाएको छ ।

# स्रोत नखुलेको रकमसहित युवक पक्राउ

**शहबाज खान/मध्यान्ह**
कपिलवस्तु, ४ माघ

कपिलवस्तुको मायादेवी गाउँपालिका-७ हरिरामपुरका ३० वर्षीय निरजकुमार मिश्रालाई स्रोत नखुलेको १५ लाख ७० हजार नगदसहित प्रहरीले बिहीबार पक्राउ गरेको छ । विशेष सूचनाका आधारमा उनलाई मायादेवी गाउँपालिका-६ स्थित डुमरा चोक नजिकबाट नियन्त्रणमा लिइएको हो । प्रहरीका अनुसार मिश्राले कालो झोलामा साइकलमा लुकाएर रकम बोकेका थिए । झोला जाँच गर्दा एक हजार दरका ८ सय ९० वटा, ५ सय दरका १ हजार ३ सय २० वटा, १ सय दरका १ सय ८० वटा र ५० दरका ४० वटा नोटसहित नगद फेला परेको छ ।

पक्राउ परेका मिश्रालाई हाल जिल्ला प्रहरी कार्यालयमा राखिएको छ । उनलाई राजस्व अनुसन्धान कार्यालय, बुटवल पठाउने तयारी भइरहेको छ भने घटनाको थप अनुसन्धान जारी रहेको प्रहरीले जानकारी दिएको छ ।

# विदेश पठाइदिन्छु भन्दै ठग्ने ३ पक्राउ

**काठमाडौं/मस–** वैदेशिक रोजगारीमा रोमानिया, जापान र अमेरिका पठाइदिन्छु भन्दै ठगी गरेको आरोपमा प्रहरीले ३ जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा दाङको तुलसीपुर उपमहानगरपालिका-६ घर भई हाल काठमाडौंको बालाजु बस्ने रमेश चौधरी छन् । जापान पठाइदिने भन्दै १३ लाख ३२ हजार ५०० रुपैयाँ ठगी गरेर बेपत्ता भएको उजुरीका आधारमा उनलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

त्यस्तै, वैदेशिक रोजगारीका लागि रोमानिया पठाइदिने भन्दै ६ लाख ३० हजार लिएको उजुरीका आधारमा प्रहरीले महोत्तरी सोनाम गाउँपालिकाकी सरिताकुमारी यादव र अमेरिका पठाइदिने प्रलोभनमा पारेर ४२ लाख लिएको उजुरीका आधारमा सुनसरी धरानकी चन्द्रकला रदाखु राईलाई पनि पक्राउ गरेको बताएको छ ।

**यूएईमा रोजगार**

कम्पनी : ASIA PRIME GENERAL CONTRACTING CO. L.L.C - DUBAI BRANCH शहर : UAE
पुर्व स्वीकृत मिति: २०८१/१०/०२ चलानी नं.: ६०२३१४५८ LT. No.:317057

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ordinary Labour | 50 | 0 | स. काममा दक्ष | 800 | ३०,०९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ माघ १२ गते (25 January 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम ई. पत्र नं. १२३५/०७४/७५
AASHIN OVERSEAS PVT. LTD.
Sinamangal-9, Airport, Kathmandu, Tel.: 01-5902036, 5902037

# विपद् जोखिम न्यूनीकरण गर्न उपत्यकाका पालिकासँग छलफल



**काठमाडौं/मस–** राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले काठमाडौं उपत्यकाका पालिकाहरूसँग विपद् जोखिम कम गर्न छलफल गरेको छ।

प्राधिकरणले शुक्रबार विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापकलाई स्थानीयकरण गरी यसको प्रभावकारितामा सहयोग गर्ने उद्देश्यले'काठमाडौं उपत्यकाको उत्थानशीलताको लागि विपद् जोखिम सुदृढीकरण परियोजना' (आरईकेभी) कार्यक्रम आयोजना गरेको हो।

यसका लागि प्राधिकरणले हालैमात्र 'स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा तर्जुमा दिग्दर्शन २०८१' ल्याएको छ। मन्त्रिपरिषद्बाट स्वीकृत भई २१ वैशाख २०८१ देखि कार्यान्वयनमा आए पनि उक्त दिग्ददर्शन सार्वजनिक रूपमा यही कार्यक्रममार्फत उपलब्ध गराएको हो। सोही सन्दर्भमा प्राधिकरणले दिग्दर्शन कार्यान्वयनका लागि सहजीकरण गर्न काठमाडौं उपत्यकाका पालिकासँग सुझाव लिन यस कार्यक्रम आयोजना गरेको हो।

कार्यक्रममा प्राधिकरणका उपसचिव सुदीपविक्रम भट्टले उक्त दिग्दर्शनको आवश्यकताबारे प्रस्तुति दिएका थिए। नेपाल विपद्को जोखिममा भएकाले सजग र सचेत हुन सहयोग गर्ने भएकाले उक्त दिग्ददर्शन आवश्यक रहेको उनले बताए।

'जोखिम आकलनको अवधारणाअनुसार नेपाल जलवायु परिवर्तनको जोखिमका हिसाबले चौथो, भूकम्प जोखिमको हिसाबले ११ औं, बहुप्रकोपीय देशमा २० औं र बाढीको प्रकोपमा ३०औं स्थानमा छ,' उनले भने, 'जति जोखिम बढ्यो उति नै विपद् बढ्छ। त्यसैले हामी न्यूनीकरणका लागि लाग्नुपर्छ।' यी जोखिमलाई कम गर्न उक्त दिग्दर्शन तयार पारिएको उनले स्पष्ट पारे। भवन राम्रो देखाएर नभएर मात्र नभई भवन निर्माणदेखि नै क्षति न्यूनिकरण गर्न भूकम्प प्रतिरोधी बनाउनुपर्ने उनको भनाई छ। छलफलमा काठमाडौं र ललितपुर महानगरपालिका, भक्तपुर, सूर्यविनायक, मध्यपुर ठिमी, चाँगुनारायण, तारकेश्वर, टोखा, शंखरापुर, कीर्तिपुर दक्षिणकाली, गोदावरी, गोकर्णेश्वर, महालक्ष्मी, नागार्जुन र चन्द्रागिरी नगरपालिकाका प्रतिनीधि तथा विकास साझेदार संस्थाहरू सहभागी थिए।

यसैगरी बुढानीलकण्ठ नगरपालिकाको उपप्रमुख अनिता लामाले ढाँचा अथवा निर्देशिका बनाइरहँदा कार्यान्वयनको तहमा स्थानीय तहलाई देखाइए पनि बजेटमा सहयोग नगरिने गुनासो राखेकी थिइन्।

दक्षिणकाली नगरपालिका उपप्रमुख बसन्ती तामाङ डंगोलले विपद्बाट गुज्रिइरहँदा संघबाट कमै सहयोग मिलेको बताइन्।

छलफलमा उठेको विषयलाई सम्बोधन गर्दै प्राधिकरणका सह-सचिव अर्जुन कुमार बमले विपद्लाई तत्काल प्रतिक्रिया दिने स्थानीय तह भएको र यसको पूर्वतयारीका लागि स्थानीय तहसँगको तयारीका लागि जुट्ने बताए। स्रोत साधनको सीमित भएको कुरा उनले पनि स्विकारे।

कार्यक्रममा साझेदार रहेको जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका) नेपालका काठमाडौं उपत्यकाको उत्थानशीलताको लागि विपद् जोखिम सुदृढीकरण परियोजनाका डेपुटी चिफ एडभाइजर कात्सु कातोले 'स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा' प्रस्तुत गरेका थिए। सन् २०२१ को जनवरीदेखि सुरु उक्त परियोजनाको अवधि २०२५ को सेप्टेम्बरसम्म रहेको उनले जानकारी दिए।

# अध्यादेशको विरोध गर्दै ३५ शिक्षकले दिए सामूहिक राजीनामा




**पोखरा/मस–** सरकारले ल्याएको अध्यादेशको विरोध गर्दै कास्कीका ३५ स्थायी शिक्षकले सामूहिक राजीनामा दिएका छन्। अध्यादेश मार्फत यसअघिका शिक्षकलाई समेत योगदानमा आधारित निवृत्तिभरणको व्यवस्था लागू गरेको विरोधमा उनीहरूले सामूहिक राजीनामा दिएका हुन्।

शुक्रबार शिक्षा विकास तथा समन्वय इकाइमार्फत ती शिक्षकहरूले शिक्षा मन्त्रालयमा राजीनामा पेस गरेका छन्।

२०७५ चैत ४ गतेपछि स्थायी भएका शिक्षकहरुले अध्यादेशमा असहमति जनाउँदै राजीनामा पेस गरेका हुन्। शिक्षकहरूमाथि सरकारले अन्यायपूर्ण व्यवहार गर्दै प्राकृतिक न्यायको सिद्धान्तविपरीत भूतप्रभावी कानूनको निर्माण गरी अध्यादेश जारी गरेको उनीहरूको आरोप छ।

पीडित शिक्षक कीर्तिराज ढकालले सरकारले दिएको पीडा सहन नसकेर राजीनामा दिएको बताए। 'देश र माटोको माया गर्नुपर्छ भनेर सिकाउने हामीहरूलाई अदूरदर्शी नेतृत्वले दिएको चोट बोकेर विद्यार्थीलाई के सिकाउने ? अन्योलमा छौं,' उनले भने। ४ चैत २०७४ बाट हालसम्म स्थायी नियुक्ति लिएका शिक्षकहरूमाथि सरकारले अन्यायपूर्ण व्यवहार गरेको पीडित शिक्षकहरुको गुनासो छ। 'प्राकृतिक न्यायको सिद्धान्त विपरित भूतप्रभावी कानुनको निर्माण गरी अध्यादेश जारी गरिएको अवस्था छ,' उनीहरूले भने, 'अध्यादेशको कार्यान्वयनले ६ वर्ष खाइपाई आएको तलबबाट समेत हिसाब गरी निवृत्तिभरण कोषमा दाखिला गर्नुपर्ने भएको छ।'

राजीनामा स्वीकृत नहुँदासम्म पठनपाठन भने नरोक्ने उनीहरुले बताएका छन्। सामूहिक राजीनामा बुझेपछि कास्कीका शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख लोकनाथ आचार्यले राजीनामा-पत्र सम्बन्धित निकायमा पठाउने जानकारी दिए। सरकारले ल्याएको केही नेपाल ऐन संशोधन अध्यादेशसहित ४ अध्यादेश राष्ट्रपति रामचन्द्र पौडेलले २९ पुसमा जारी गरेका थिए।

# मेयर यादवले आर्थिक अनियमितता गरेको अभियोग




**कृष्ण तिवारी/मध्यान्ह**
माघ ४ गते।

आम जनता पार्टीका महासचिव त्रिभुवन साहले रौतहट बौद्धिमाइ नगरपालिकाका नगरप्रमुख प्रदीप यादव भ्रष्टाचारमा लिप्त रहेको आरोप लगाएका छन्। नगरप्रमुख यादवले विकासको नाममा नगरपालिकामा व्यापक आर्थिक अनियमितता गरेको अभियोग लगाउँदै उनले घमण्डको दम्भमा लोकतान्त्रिक प्रक्रिया र विधि मिचेर एकलौटी रुपमा अगाडि बढेको बताए।

आम जनता पार्टी बौद्धिमाइ नगर समितिले आयोजना गरेको पत्रकार सम्मेलनमा उनले नगरप्रमुख यादव नगर विकास विरोधी रहेको आरोप लगाए। नगरप्रमुखमा निर्वाचित भएदेखि नगरपालिकाले देखिने एउटा पनि काम गर्न नसकेको उनको दावी छ। विगतका दिनदेखि सडक चौडाइ तथा सफाइको नाममा नगरभित्रका आम जनमानसमा त्रास फैलाउने कार्य गरिरहेको आरोप उनको आरोप छ।

निर्वाचित भए पश्चात् जनतालाई कुनै अवस्था नगरी आफ्नो मनपरी ढंगले नगरपालिका संचालन गर्दै आइरहेको उनले आरोप लगाए। पत्रकार स्मेलनमा आफ्नो कुरा राख्दै अजपाको नेता एवम् पूर्व वडाध्यक्ष श्रीभगवान पटेलले मेयर यादव भ्रष्टाचार, अत्याचार, दुश्कर्म र प्रतिशोधको भावनाले बदला साध्ने गरेको बताए।

# गंगादेवी पोखरेलको आठौं वार्षिक पुण्यतिथिमा श्रद्धाञ्जलि सभा



**काठमाडौं/मस–** ओम शान्ति अभियन्ता दिलप्रसाद पोखरेलकी आमा गंगादेवी पोखरेलको आठौं वार्षिक पुण्यतिथिको अवसरमा धापासीस्थित पोखरेल निवासमा शुक्रबार श्रद्धाञ्जली सभा सम्पन्न भएको छ। ब्रह्मकुमारी ऐश्वर्य विश्वविद्यालयमा ५२ वर्ष सेवा गरेकी पोखरेलको ८ वर्षअघि माघ ४ गते निधन भएको थियो। हरेक वर्ष माघ ४ गते पोखरेलको पुण्यतिथिको अवसरमा श्रद्धाञ्जली सभा आयोजना गर्ने गरिएको छ।

राष्ट्रिय सभाका अध्यक्ष नारायणप्रसाद दाहालको प्रमुख आतिथ्यतामा भएको श्रद्धाञ्जली सभामा बह्मकुमारी राज योग सेवा केन्द्र नेपालकी निर्देशक राज दादीमाको अध्यक्षता रहेको थियो।

उक्त अवसरमा स्व.पोखरेलको तस्बिरमा माल्यार्पण गरी, प्रवचनमार्फत धार्मिक तथा सामाजिक कार्यहरूको उच्च मूल्यांकन गर्दै सम्झना गरिएको थियो। सो अवसरमा शिव झन्डोत्तोलन र योग ध्यान कक्षको उद्घाटनसमेत गरिएको थियो।

श्रद्धाञ्जली सभामा पूर्वमन्त्रीहरु डा.प्रकाशशरण महत, शशी श्रेष्ठ, भानुभक्त ढकाल, किसान श्रेष्ठ, माओवादी नेता लीलामणि पोखरेल, झक्कु सुवेदी, महावाणिज्यदूत तथा वरिष्ठ लोक गायक प्रेमराजा महत, नेपाली कांग्रेसकी केन्द्रीय सदस्य सीता देवकोटा, भ्रष्टाचार विरोधी अभियन्ता हेम पाठक, पं. दीनबन्धु पोखरेल, नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष राजेन्द्र भण्डारी, पूर्वअध्यक्ष प्रेमबहादुर कटुवाल, महासचिव मेघनाथ भुर्तेल फोर्चुना हेल्थकेयरका प्रवन्ध निर्देशक ईश्वर जिसी, वरिष्ठ उद्योगपति अम्बिका प्रसाद पौडेल, मध्यान्ह दैनिककी प्रकाशक सीतादेवी श्रेष्ठ, सम्पादक मदनकुमार श्रेष्ठ, अन्नपूर्ण पोष्ट दैनिकका सम्पादक अखण्ड भण्डारी, कान्तिपुर दैनिकका वरिष्ठ सहसम्पादक घनश्याम खड्कालगायतको उपस्थिति रहेको थियो।

सभामा प्रमुख अतिथि राष्ट्रिय सभाका अध्यक्ष दाहालले ब्रह्मकुमारी राज योग सेवा केन्द्र धार्मिक मात्र नभइ सामाजिक सेवा केन्द्र पनि रहेको बताए। सभामा ब्रह्मकुमारी ऐश्वर्य विश्वविद्यालयका शंखमुलदेखि थानकोटसम्मका बहिनीहरुले अतिथिहरुको स्वागत गरेका थिए।

# सिरहाको नाकाबाट खुलेआम तस्करी हुने गरेको आरोप



**मनु यादव निरज/मध्यान्ह**
सिरहा, ४ माघ

सिरहामा प्रहरी प्रशासनकै सेटिङमा व्यापक चोरी, तस्करी हुने गरेको आरोप लाग्ने गरेको छ। प्रहरी प्रशासनले देखावटी रुपमा केही मात्रामा चोरी पैठारी गरी ल्याइएको सामान पक्राउ गरेपनि कुसन्डी, झाझपट्टी, ठाडी नाकाबाट भने व्यापक तस्करी भइरहेको आरोप लागेको हो। तस्करहरूले सीमानाकामा बस्ने सुरक्षाकर्मीलाई मोटो रकम दिइ दिनभरी नाकाको वरिपरि भण्डारण गर्ने र रातभरि तस्करी गर्ने गरेको स्थानीयहरु बताउँछन्। सीमानाकामा बसेका सशस्त्र प्रहरी, नेपाल प्रहरी र सादा पोशाकमा खटाइएका प्रहरीहरू दिनभर तस्करीको सामान नियन्त्रण गर्नुभन्दा पनि संरक्षण गरी तस्करको गोदामसम्म पुऱ्याउने गरेको आरोप छ।

'प्रहरी प्रशासन मिलेपछि यहाँ जे पनि सीमानाकाबाट वारपार गर्न सम्भव छ। प्रहरीको आँखा अगाडिबाटै सीमानाकाको विभिन्न बाटो प्रयोग गरी तस्करले भन्सार राजश्व छली गरी निर्धक्क मालसामान वारपार हुने गरेको छ,' स्थानीय कुलान्नद यादवले बताए।

उनले थपे, 'सिरहाको, कुसन्डी, झाझपट्टी, लौकहाठाडी नाकाबाट अहिले दिनदहाडै तस्कर हर' ले यी नाकाहरुबाट चिनी, कपडा, मोटरपार्टस्, किरानाको सामान, ग्यास चुल्हो, पान मसाला, सुर्तीजन्य पदार्थ (रजनीगन्धा, गुटखा) भन्सार राजश्व छली गरी वारी (नेपाल ) भित्र्याइन्छ र वारी (नेपाल)बाट व्यापक रुपमा मदिरा, चाइनिज स्याउ, सुपारी लगायतका सामग्रीहरु पारी (भारतीय बजार)पुऱ्याइन्छ।

यादवका अनुसार यस नाकाबाट रातभरी (भारतीय बजार) पारीबाट सामान ल्याएर टेम्पो, पिकअप र मोटरसाइकलमार्फत सिरहाको ठूलो बजार लहान, गोलबजार, मिर्चैयालगायतका बजारसम्म ढुवानी हुन्छ।

'सुरक्षाकर्मीबाट 'लाइन क्लियर' रहेको संकेत पाएपछि सामान ढुवानी सुरु हुन्छ। सीमादेखि सहरसम्म लाइन क्लियर गर्न मोटरसाइकलमा तस्कर र प्रहरीका प्रतिनिधि खटिएका हुन्छन्,' सडक छेउमै घर भएका उनले भने, 'तस्करीका सामान बोकेका गाडीको धुलोधुँवा र हर्नले राति र दिउँसो स्थानीयलाई सास्ती दिएको छ।'

# निजामती कर्मचारी युनियन पाणिनीको दोस्रो अधिवेशन सम्पन्न



**सरु भुसाल/मध्यान्ह**
अर्घाखाँची, ४ माघ

नेपाल निजामती कर्मचारी युनियन स्थानीय कार्यसमिति पाणिनीको दोस्रो अधिवेशन दुर्गाफाँटमा सम्पन्न भएको छ। अधिवेशनले मेघराज पौडेलको अध्ययक्षतामा नयाँ कार्यसमितिको चयन गरेको छ। जसको उपाध्यक्षमा गिता वाग्ले, प्रकाश भट्टराई, सचिवमा राजन महत्रा, सहसचिवमा मोहन महतरा, कोषाध्यक्षमा शालिकराम पाण्डे सर्वसम्मत निर्वाचित भएका छन्।

सदस्यहरुमा शंकर विष्ट, यादव क्षेत्री, संगिता श्रेष्ठ, लक्ष्मी घिमिरे, माधव पोख्रेल, नवराज पोख्रेल चयन भएका छन्। सल्लाहकार समितिको संयोजकमा शेषकान्त घिमिरे, सदस्यमा धुव्रराज घिमिरे र माधवराज पोख्रेल चयन भएका छन्।

अधिवेशनको उद्घाटन समारोहमा नेपाली कांग्रेस पाणिनीका सभापति तुल्सीराम पौडेलले निजामती कर्मचारीहरु जनताको पक्षमा काम गर्नुपर्ने बताउँदै राष्ट्र निर्माणमा निजामती कर्मचारीको भूमिका उल्लेखनीय रहेको बताए। नेपाल निजामती कर्मचारी युनियनका केन्द्रीय सदस्य रुकेन्द्र पालुङ्गेले कर्मचारीहरु संगठित भइ कर्मचारीहरुको हक र हितमा काम गर्ने देशकै प्रमुख संगठन युनियन संघ रहेको बताए।

कार्यक्रममा पाणिनी गाउँपालिका वडा नं. २ का वडा अध्यक्ष चन्द्रकान्त पौडेल, वडा नं. ३ का वडा अध्यक्ष युवराज ज्ञवाली, वडा नं. ६ का वडा अध्यक्ष कृष्णप्रसाद पौडेल, डिभिजन वन कार्यालयका सहायक वन अधिकृत केशर खड्का, सिविए अर्घाखाँचीका अध्यक्ष कृष्ण वर्मा, निजामती कर्मचारी युनियनका अध्यक्ष दिपक पाण्डे, पत्रकार महासघका सहसचिव घनश्याम पौडेल लगायतले अधिवेशन सफलताको शुभकामना मन्तव्य राखेका थिए।

कार्यक्रम नेपाल निजामती कर्मचारी युनियन पाणिनीका अध्यक्ष मेघराज पौडेलको अध्यक्षता, शालिकराम पाण्डेको स्वागत र राजन महत्राको सञ्चालनमा सम्पन्न भएको थियो। कार्यक्रममा कर्मचारी युनियनका नेताहरु रमेश न्यौपाने, योगेश पन्थी, मधु सुदन खनाल लगायतका नेताहरुको उपस्थिति रहेको थियो।

# एसईईका नाममा शुल्क असुल्दै सामुदायिक विद्यालय



**दिलमाया शाही/मध्यान्ह**
जुम्ला, ४ माघ

सरकारले सबैका लागि निःशुल्क शिक्षा भने पनि जुम्लाको एक सामुदायिक विद्यालयले विद्यार्थीबाट चर्को शुल्क लिने गरेका पाइएको छ।

तातोपानी गाउँपालिका-४मा रहेको नेत्र ज्योति माध्याकि विद्यालय हाँकुले गुठीचौर-१ मा रहेको खड्ग देवी माध्यामिक विद्यालय मणिसाँघुका नियमित रूपमा कक्षा ९ मा अध्यायनरत्त १३ जना विद्यार्थीबाट एसईई परीक्षा फारम भरिदिने भन्दै शुल्क लिइरहेको छ। विद्यालयले प्रत्येक विद्यार्थीबाट ५ हजार रुपैयाँका दरले रकम उठाइरहेको छ। सरकारले कक्षा १ देखि १२ सम्म निःशुल्क शिक्षाको व्यवस्था गरेको छ। तर विद्यालयले गैरकानुनी रूपमा गत वर्ष कक्षा ९मा अध्ययनरत्त विद्यार्थीहरूलाई एसईई परीक्षा दिन पाइन्छ भन्दै चर्को रकम असुलेको विद्यार्थीहरूले बताएका छन्।

खड्ग देवी माध्यामिक विद्यालय मणिसाँघुका कक्षा ९ का विद्यार्थी जुनमाया रोकायाका अनुसार तातोपानी-६ वडामा रहेको कालिका आधारभूत विद्यालय हियाँखोलामा कार्यरत शिक्षक रमेश न्यौपानेले कक्षा ९ मा नियमित पढ्दै गरेका बिद्यार्थीलाई आगामी चैत्तमा हुने एसईई परीक्षा दिन पाउने भन्दै प्रत्येक विद्यार्थीबाट ५ हजारका दरले पैसा लिएको बताइन्।

उनले भनिन् ,'हामी १३ जना विद्यार्थीबाट ५ हजारका दरले ७ चैतबाट सुरु हुने एसईई परीक्षाको फारम भर्ने भन्दै अभिभावकबाट पैसा लिएका छन्।' तर विद्यालयले कक्षा ९ मा अध्ययनरत्त विद्यार्थीले एसईई दिन नपाउने भने पछि पैसा फिर्ता गर्न माग गरेका उनले बताइन्।

एक वर्ष अगाडि नै एसईई पास गर्ने प्रलोभन देखाइ लिएको पैसा फिर्ता गरिदिन माग गर्दै शिक्षा विकास तथा समन्वय इकाइमा १३ जना विद्यार्थीहरू पुगेको रोकायाले बताइन्। १३ जना विद्यार्थीहरूले रोकायालाई ५ हजारका दरले ६५ हजार रुपैयाँ बुझाएका थिए। खड्ग देवी विद्यालयका मणिसाँघुकाका प्रधानाध्यापक रामप्रसाद थकालीका अनुसार नियमित कक्षा ९ मा पढ्ने विद्यार्थीले एसईई दिने नमिल्ने बताए।

यस पटक विद्यालयमा ४४ जना विद्यार्थी नियमित रूपमा कक्षा ९ मा अध्ययन गरिरहेका छन्। तर रजिष्ट्रेशन फारम २५ विद्यार्थीले भरेका छन्। बाँकी विद्यार्थी कहाँ गए भनेर खोजी गर्दा नेत्र ज्योति विद्यालयबाट एसईई परीक्षा दिन मिल्छ भन्दै पैसा मागेर लगेको थाहा पाएको प्रधानाध्यापक थकालीले बताए। शिक्षा विकास तथा समन्वय इकाइको कार्यालय प्रमुख रमेशबहादुर मल्लले कक्षा ९ पढ्दै गरेका विद्याथीले एसईई दिन मिल्ने स्पष्ट पारे। उनले कुनै पनि बाहनामा विद्याथीबाट लिएको पैसा फिर्ता हुने बताए। उनका अनुसार सम्बन्धित विद्यालयका प्रधानाध्यापकलाई यस्तो कार्य नगर्न र नगराउन भनि निर्देशन दिइएको छ।

**कुवेतमा रोजगार**
कम्पनी : OIL SPA LADIES BEAUTY SALON & INSTITUTE — शहर : Kuwait
पूर्व स्वीकृत मिति: २०८०/०५/२७ — चलानी नं.: ६०२०७७५३ — L.T. No.: 292554 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Beautician | 0 | 11 | सम्बन्धित काममा दक्ष | 150 | ६७,१७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | NAIL TECHNICIAN | 0 | 9 | | 150 | ६७,१७० | | | | | | | |
| 3. | HAIR DRESSER | 0 | 10 | | 150 | ६७,१७० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ माघ १२ गते (25 January 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

नोट: यसै कम्पनीमा Barista Kitchen Helper को पनि माग भई आएकोले निःशुल्क परामर्शको लगि कार्यालयमा सम्पर्क गर्न सक्नुहुनेछ।

MANPOWER RECRUITMENT NEPAL PVT. LTD — Govt. Lic. No.: 1131/073/074
Golfutar-8, Budhanilkantha, Kathmandu, Tel : 01-4002748, 01-4002749
E-mail : info@manpowerrecuitmentnepal.com.np, Web : www.manpowerrecuitmentnepal.com.np

**साउदीमा रोजगार**
कम्पनी: HESSA HAMDI MOHSEN AL-OTAIBI TRANSPORT ESTABLISHMEN — शहर: JEDDAH
पुर्व स्वीकृत मिति: २०८१/१०/०४ — चलानी नं.: ६०२३१४५२ — L.T. No.: 317216

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Drivers | 8 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ६६,२९४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Heavy Truck Driver | 5 | 0 | | 1800 | ६६,२९४ | | | | | | | |

कम्पनी: AL-SAWAT METAL PRODUCTS COMPANY IS A ONE-PERSON COMPAY — शहर: JEDDAH
पुर्व स्वीकृत मिति: २०८१/१०/०४ — चलानी नं.: ६०२३१४५५ — L.T. No.: 317191

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loader & Unloader | 8 | 0 | स. काममा दक्ष | 1000 | ३६,८३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ माघ १२ गते (25 January 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

FAZAL INTERNATIONAL PVT. LTD. — Gov. Lic. No. 709/064/065
Sinamangal, Kathmandu Tel: 4581208, 4581209, Fax: 4581210

पुस्तक चर्चा

# बहुआयामिक अर्थ बोकेको ‘आगोको बीउ’

*निबन्धकारको मन रोएको छ देशको वास्तविक ऐना देखेर । विशृंखलित समय बोलेको छ नयाँघरेका निबन्धमा । गिलिपित्ती भएको राजनीतिले आकुलव्याकुल पारेको छ निबन्धकारलाई...*



■ अनिता कोइराला

नेपाल प्रज्ञाप्रतिष्ठानको लेखनाथ हलमा छु । युवराज नयाँघरेको ‘आगोको बीउ’ कृतिको विमोचन कार्यक्रम छ । पाठकीय प्रतिक्रिया लिएर बसेकी छु, अग्रजहरूको निकट । प्रमुख अतिथि हुनुहुन्छ, बरिष्ठ निबन्धकार, आख्यानकार, मदन पुरस्कार विजेता कृष्ण धरावासी ।

मुटु ढक्क फुलेको छ । उहाँसँगै बसेकी छु, एउटै मञ्चमा । घाँटी शुष्क भएको छ । हातमा चिसो पसिना आएको छ । समीपमा हुनुहुन्छ, लोकप्रिय समालोचक ज्ञानु अधिकारी, जसले मलाई हात समातेर, भरोसा दिएर किताबको पाठकीय प्रतिक्रिया दिनका लागि घरबाट बाहिर ल्याउनुभयो । मलाई विश्वास गरेर बोल्न लगाउनुभयो, आफ्नै कृतिमाथि । मप्रति विश्वासको पुल गाँसेर मलाई मेरो क्षमतासँग परिचित गराइदिनुभयो । हिजो भर्खर हो मैले बोलेको । उहाँले नै मलाई यहाँसम्म तानेर ल्याउनुभएको हो । मनमा यस्तै कुराहरूको मदानी घुम्दो छ ।

सभा हल भरिएको छ । देख्दै छु अग्रजहरूलाई । धरावासी सरलाई हेर्छु, पुलुक्क । उहाँका धेरैजसो पुस्तक पढेर साहित्यको कखरा सिक्दै छु म । आज उहाँसँग नजिक हुन पाउँदा हर्षित भएकी छु । छक्क परेकी छु, समयको यो संयोग देखेर । रातो खादाले म पनि उहाँहरू जसरी नै रंगिएकी छु । पठन, अध्ययन र लेखनको फराकिलो मार्गलाई बुझ्दै छु अनि साहित्य संसारलाई नमन गर्दै छु ।

निबन्धकार, समालोचक कुमारी लामा, कवि भारती न्यौपाने र कार्यक्रम संचालक हेम भण्डारी हुनुहुन्छ, नयाँघरेको ‘आगोको बीउ’ खोतल्ने अभियानमा । बोल्ने पालो मेरै अगाडि आउँछ ।

उभिन्छु डचासमा गएर । ‘आगोको बीउ’भित्र प्रवेश गर्छु । आमा भन्नुहुन्थ्यो, ‘नानी एक सरो रोटी कहिल्यै पाक्दैन, एक हातले ताली कदापि बज्दैन ।’ आमा ठीक भन्नुहुन्थ्यो । तर, म अहिले साहित्यको त्यो उर्वर सांग्रिलामा उभिएकी छु, जहाँ सम्भावनाको मूल निरन्तर फुट्छ । यहाँ असम्भव केही छैन । एकसरो रोटी, एक हातको ताली मात्र होइन, उज्यालो औंसी पनि देखिन्छ यहाँबाट ।

२०६५ सालमा ‘नयाँघरेको एक हातको ताली’ यसरी गुञ्जियो कि मदन पुरस्कारले सम्मान गऱ्यो । यस्ता दिग्गज निबन्धकारको कृतिमा आफ्नो पाठकीय प्रतिक्रिया भन्नुपर्दा थोरै दकस पनि लागेको छ । नेपाली साहित्यमा नयाँघरेका कलमको मसी निकै अर्थपूर्ण छ । नयाँघरेद्वार लिखित पुस्तकहरूको सूची लामो छ । उनले प्राप्त गरेका पुरस्कारहरू पनि दर्जनौं छन् । ‘आगोको बीउ’ उनको १९औं कृति हो ।

नयाँघरेका निबन्धहरू निजात्मक अनुभवमा आधारित छन् । आफूले देखेको ठाउँ, घटना, विषयवस्तु र भूगोलले जब हृदय छुन्छ, तब लेख्छन् पाठकलाई मोहित पार्ने निबन्ध नयाँघरे । सिर्जनशील निबन्धकार प्रकृतिप्रेमी छन् । प्रकृतिलाई नै ज्ञानको स्रोत मान्छन् । माटोसँग अगाध स्नेह राख्छन् । भुइँ मान्छेका कुरामा उनको रुझान देखिन्छ । त्यसैले उनको लेखनी माटो सुहाउँदो छ । जीवन्त छ । समसामयिक छन्, विषयहरू । अनुकरणीय र पठनीय हुन्छन्, उनका भाषा र भाव । सरलतामा विराटता, विविधतामा एकता नयाँघरेको विशेषता नै रहेछ । सुशब्दका शिल्पी नयाँघरे, गौंथलीले झैं सुन्दर गुँड निर्माण गर्छन् वाक्यहरूको । कालीगढलेझैं शब्दलाई जोखेर, तौलिएर, बडो मिहीन पाराले काँटछाँट गरेर वाक्यमा टाँस्छन् । त्यसैले निबन्धमा प्रयोग भएका वाक्यहरू पढ्दा बडो आनन्द लाग्छ । अर्थपूर्ण छोटो छरितो वाक्यले हृदयलाई छुन्छ । हरेक निबन्धमा गहिरो सन्देश सम्प्रेषित भएको छ । प्रत्यक्ष कथनभन्दा परोक्ष कथनमा रमण गर्छन् नयाँघरे ।

यी निबन्धमा आफ्नै घर आँगनका विषयलाई टपक्क टिपेर, माटो सुहाउँदो बिम्बको जादूमा दर्शन, विचार, समाज, सम्बन्ध र सत्तालाई प्राथमिकतामा ल्याएका छन् । समयको आवाज बोल्छन् नयाँघरे ।

नवीनतम् कृति ‘आगोको बीउ ।’ कति आकर्षक छ शीर्षक नै । बडो कौतूकमय छ शीर्षक । विविध अर्थलाई सम्बोधन गर्छ ‘आगोको बीउ’ले । कोही मान्छे घरमा आएर तुरुन्तै फर्किन लाग्यो भने आमा भन्नुहुन्थ्यो, ‘के आगो लिन आएको जस्तो गरेको ?’ केटाकेटी उमेरमै बुझेकी थिएँ, कसैको घरमा गएर हतारमै फर्किए आगोको बीउ लिन गएजस्तै हुने रहेछ ।

आखिर नयाँघरेको ‘आगोको बीउ’ कुन सन्देश लिएर आएको छ ? अहिलेको पुस्तालाई थाहा छैन, आगोको बीउको प्राकृतिक विशेषता । मेरो पुस्तालाई थाहा छ, कुनै समय अँगेनामा खरानीले छोपेर राख्नुपर्थ्यो आगोको




बीउ ।
धुपौरो लिएर गाउँ नै
हिँड्थ्यो आगोको बीउ खोज्न । गाउँमा सलाई उपलब्ध थिएन । सलाई पनि आगोको बीउ हो । आगोको बीउले भात पनि पाक्छ । डडेलो पनि लाग्छ ।

आगो प्रतीक हो विद्रोहको । आगो प्रतीक हो ज्ञानको । नेपाली साहित्य जगत्का वरिष्ठ नियात्राकार, निबन्धकार नयाँघरेले २६ वटा निबन्धहरूको संग्रहमा बिम्बका रूपमा ‘आगोको बीउ’ भर्खरै सार्वजनिक गरेका छन् । मौलिक बिम्बमा जीवन दर्शन भेट्छन् नयाँघरे । आफ्नै घर आँगनमा ज्ञानको मार्ग भेट्छन् । अनि, उत्साही भएर गाउँले परिवेशमा उभिएरै दार्शनिक निबन्ध लेख्छन् । आफ्नै आँगनसँग पाठकलाई पुनः परिचित गराउन सफल छन् उनी ।

पुस्तक सार्वजनिक हुनुभन्दा केही दिन अगाडि नयाँघरेले ‘आगोको बीउ’ लिन मलाई पनि पुतलीसडक बोलाउनुभयो । साथमा कवि भारती न्यौपानेलाई पनि आमन्त्रित गर्नुभएको रहेछ । जिम्मेवारी पाएका छौं, स्थापित साहित्यकारको पुस्तक विमोचनमा पाठकीय प्रतिक्रिया दिनका लागि । हामीले स्वीकाऱ्यौं उहाँको प्रस्ताव । दुवै जना जाने भयौं पुलतीसडक । खुसी भएका छौं, गम्भीर जिम्मेवारी पाएर । हामीप्रतिको विश्वास ऊर्जा भएको छ हामीलाई । अक्करमा रमाउने स्रष्टाको निबन्धहरू छिचोल्नु छ घरमा आएर । समय निकै कम छ । साइत जुऱ्यो, दिउँसो ३ बजेपछि भेट्ने । मलाई सहज भएन त्यो समय । अनि, अनुरोध गरें भारती दिदीलाई, ‘दिदी, मलाई त ३ बजे आउन सहज भएन । मलाई त नैकापबाटै पुस्तक लिन सहज हुन्छ । म नैकापबाटै किताब लिन्छु नि हुन्न ?’

मेरो मनको कुरा कवि दिदीले नबुझ्ने कुरै भएन । निर्धारित समयमा पुगेँ नैकाप चोक । कहिल्यै उक्लिएकी थिइनँ, नैकाप चोकमाथिको चौतारामा । ठीक १० बजे पुगेकी छु । नयाँघरे पनि टुप्लुक्क आइपुग्नुभयो, समयमै । उज्यालो मुहार अझ पनि उस्तै प्रशन्न छ । हस्ताक्षरसहित उहाँले ‘आगोको बीउ’ दिनुभयो । हामीलाई पुनः आगोको बीउ नै लिनु थियो अर्थात् हतारहतार हिँडचौं आ-आफ्नो गन्तव्यतिर ।

किताब अक्षरशः पढेँ । छोटो मीठो वाक्य लोभलाग्दो छ । गहन शब्द अनि छनोट कलापूर्ण छ । भावको गहिराइ वजनदार छ । बडो बौद्धिक छ लेखनी । वैचारिक र दार्शनिक छन् निबन्धहरू । अप्रकट भाव, सन्देश र भाषा बिम्बित छन् । कथानकको आँगनमा विचारका बिस्कुन छन् । समाज, देश राज्य र प्रशासनको फितलोपन चिच्याएको छ । स्वार्थले गाँजेको सत्ता छ । छन् बग्रेल्ती अगस्तिका पेट लिएर बसेका शासकहरू । भ्रष्टचारका अनेकौं दुला देखिएका छन् यत्रतत्र । अदृश्य छन् नेपाली समाजका विशृंखलित नीति, नियम, कानुन र प्रशासन । बदलिँदा छन् समाज, सम्बन्ध, संस्कार र संस्कृति । राजनीतिले डोजर लगाएका सम्भावनाका पहाडहरू बग्रेल्ती छन् । सुशासन मृतप्रायः छ । अराजकता उत्कर्षमा छ । अव्यवस्थामा अभ्यस्त हुँदै छन् समाज, सत्ता र सरकार । नागरिक अभ्यस्त छन् बेथितिमा बाँच्न । दाउमा छ देश । संकटमा छ देश । धमिलो छ राजनीति । नयाँघरे आक्रान्त हुन्छन्, छातीमा देश दुःखेर । नयाँघरे यसरी पिरोलिन्छन्, ‘म यतिखेर देशमा हरेक जडता र तरलतामा धमिलिएको वातावरणले आक्रान्त छु, आकुलव्याकुल छु, आहत छु (पृष्ठ : १५२) ।’ मस्तिष्क चलाएर प्रदूषित पारिँदै छ देशको अंगअंग । शालीन विद्रोह गर्छन् नयाँघरे । सस्तो नारा छैन कुनै निबन्धमा तर विचारको बुलेट चलाएका छन् नयाँघरेले ।

चाल्दैचाल्दै जीवनको धुलो सकिन्छ व्यर्थको प्राप्तिमा । समयले चालेर सफा पारिदिएको जीवनमा मिसाउँछ मान्छे आफ्नै हातले बियाँ र ढुंगा । पिल्सिन्छ मान्छे आफ्नै आन्तरिक कुनिउँलाई व्यवस्थाप गर्न नसक्दा । रङको अलमलमा हराउँछ मान्छे दिनदिनै । भोगका लागि बौलाउँछ मान्छे । देख्दैन रगतको युद्ध ।

बिँडो थाम्ने हतारमा छन् पुस्ता । जिम्मेवारी रुचाउन्नन् आजका मान्छे । जताततै अथकित छ थुक । प्रशासन थुक्छ सडकमा । विश्वविद्यालय थुक्छ ऊर्जावान् काँधमा । समय चिन्तन छ नयाँघरेका निबन्धहरूमा । अग्ला आलिशानमा उज्यालो चम्किँदा दृष्टिभ्रम छ अल्गाइमा । रुमल्लिएको छ मानव उचाइमा । जब प्रकृतिले फेदमा खँदार्छिन्, तब आलिशान अन्धकारमा छट्पटाउँछ । पालमा बल्छ बत्ती । जमिनमा उभिन बिर्सिएकाहरू निर्माण गर्छन् छुट्टै भूगोल आलिशानमा । प्रकृतिले समानताको पाठ घोकाउँदा पनि विवेक निदाएको छ आलिशानमा । घटना प्रधान भएर आएका छन् कति निबन्धहरू ।

महाव्याधिले जीवनबोध सिकाएको छ । देशभित्र बसेर झिँगाको थोप्ले बिष्टा गन्न आह्वान गरेको छ समयले । मानवीय संवेदना बामपुड्के भएका बेला काउलीका बोट र पात अग्लिएका छन् काउलीबारीमा । आर्यघाटमा जीवन र मृत्युको मसिनो डोरी देखेर पनि दौडन्छ मान्छे आगोको बीउ लिन । असिनाको भागबन्डाले देश थिलथिलो भएको छ । बालिकाहरू बटुल्दै छन् आफ्नै पिताको आँगनमा असिनाको भाग ।

निबन्धकार भन्छन् , ‘असिना- परिवर्तनको एउटा नमुना हो । असिना- रूप र सारको एउटा संयोग हो । असिना- रूपान्तरणको एउटा प्रमाण हो । असिना- विजयको एउटा आधार हो (पृष्ठ : १६१) ।’ नयाँघरेलाई असिना र देश उस्तै लाग्छ र भन्छन्, ‘एउटै हबिगतमा छ अहिले मेरो देश (पृष्ठ : १६६) ।’

आमाको मस्तिष्कमा टम्म अटाएको बुबाको ठूलो गोजी देख्छु म निबन्धमा । आमाको अवसानपछि बाबुको गोजीमा साँघुरिएको छ संसार । बुबाको गोजीले समयको कोर्रा खाएपछि सबैको संसार एउटा सानो ग्याजेटमा अटाएको छ ।

निबन्धकारको मन रोएको छ देशको वास्तविक ऐना देखेर । विशृंखलित समय बोलेको छ नयाँघरेका निबन्धमा । गिलिपित्ती भएको राजनीतिले आकुलव्याकुल पारेको छ निबन्धकारलाई । खुट्टामा ठेला उठाएर यात्रा गर्ने नियात्राकारले मस्तिष्कमा ठेला उठाएर लेखेका छन् ‘आगोको बीउ ।’ त्यसैले नयाँघरेको लेखनीले तरंग ल्याउँछ पाठकको मस्तिष्कमा । आफ्नै माटोमा फर्काउँछन् नयाँघरे बिम्बको कोलाज समेट्न छनोट । यो कलापूर्ण निबन्धहरूले प्रत्येक पाठकको हृदय अवश्य छुन्छ ।

कविता

## नछोएको आवाज



चन्द्रबहादुर बस्याल

व्यवस्था फेरियो तर कथा उस्तै
झरीभित्र भिज्ने छानाको व्यथा उस्तै
राजतन्त्र गयो, गणतन्त्र आयो
तर, हात खाली, पेट भोकले करायो ।

सपना देखायो हरेक नेतृत्वले
तर, बाटो उही हो, बिर्से निर्धनले
पुग्दैन गाउँसम्म विकासको बादल
अझै त पाइला चिप्लिन्छ ढुंगा र कादल ।

शिक्षा सस्तो भयो, कागजमा मात्र
विद्यालय नजिक, किताब अझ टाढै
स्वास्थ्य निःशुल्क छ रे अब त
तर, औषधि किन्ने पैसाको गम्भीर कथा ।

खसीका मासु भोजमा खाँदा
मजदुरको पसिना आँसुमा झरिरहँदा
हिजोका राजा, आजका नेता
तर, खाली भुइँमान्छेको रह्यो अभावको लता ।

परिवर्तन आयो झन्डाको रङमा
सुख कहिले आउँछ जनताको आँगनमा ?
आशाका किरणले छुँदैनन् गाउँ
जहाँ त्यहीँ छ भोक र चिसोको छाया ।

व्यवस्था फेरियो तर जिन्दगी उस्तै
सपना देख्ने आँखाको कथा उस्तै
कुन दिन आउला जनताको मुहारमा
सच्चा परिवर्तनको उज्यालो बिहान ?

सिर्जना



शैलेन्द्र थापा

तरुना र तरुनीको विदेश सयर चलेपछि
रोएको छ पूरा मुलुक फटाहाले दलेपछि

भलो होला मुलुकको सोचाइ नै बेकार भो
नियतद्वारा नियति नै सदाबहार छलेपछि

कोद्वारा हो हुने यहाँ समाजको संरक्षण
मूर्ख सामु बौद्धिकता लम्पसार ढलेपछि

जोगाउने भए आगो लाग्नबाटै जोगाउनु
के काम त्यो कुवा खन्नु घर पूरै जलेपछि ।

गीत



डा. सुमनकुमार रेग्मी

तिम्रो लहलाउँदो केश देख्दा
मेरो मन तानिन खोज्छ
तिम्रो ओठको मुस्कान देख्दा
मेरो मनमा हर्ष छाउँछ ।

तिमीलाई भेटन् भनी म आएँ
दिलमा माया सँगालेर
भाग्यले साथ दिएन
फर्कें आँसु खसालेर ।

तिम्रो नजरको बयान कसरी गरूँ ?
मनको भाषा म कसरी जानूँ ?
तिम्रो मन पगाल्न म के गरूँ ?
तिम्रो अधरको मुस्कान म के भनूँ ?

# अधुरो प्रेम

कथा



■ खगेन्द्र पौडेल

झुल्किँदै गरेको सूर्यले पोखरा उपत्यकामा आफ्नो उज्यालो छर्न थालेको थियो । फेवातालको काखमा बसेर पुष्पाले कति बिहान बिताइसकेकी होलिन् तर आजको बिहान उनका लागि विशेष थियो । मनभरी बेचैनी, आँखामा आँसु र दिमागमा अनगिन्ती प्रश्नहरू बोकेर उनी तालको किनारमा एक्लै बसेकी थिइन् ।

उनको दिमाग निकै अस्थिर थियो । के गरूँ, कसो गरूँ, निकै नै दोधारमा थिइन् ।

उनले जे सोचेर प्रेम गरेकी थिइन्, उनी पूर्ण असफल बनिन् तैपनि उनी असफलताबाट भाग्न सकिरहेकी थिइनन्, जसले उनलाई निकै बिक्षिप्त बनाउँदै थियो ।

पुष्पा र आर्यनको भेट पृथ्वीनारायण क्याम्पस, बगरमा भएको थियो । आर्यन काठमाडौंबाट पोखरा पढ्न आएको थियो । आत्मविश्वासी, प्रतिभाशाली र ठट्टा गर्न रमाइलो मान्ने स्वभावको ऊ, हेर्दा नै निकै आकर्षक थियो ।

अर्कातिर, पुष्पा पोखराकै स्थायी बासिन्दा । सुन्दर मुहार अनि स्वभावमा शान्त । पहिलो भेटमै पुष्पाको आँखा देखेर आर्यन प्रभावित भयो । त्यो आँखा, जसले केही भन्न खोजिरहेझैं लाग्थ्यो । कलेज जाने क्रममा उनीहरू नजिकिन थाले ।

पहिलो पटक आर्यनले पुष्पालाई फेवाताल किनारमा बोलाएर भनेको थियो, ‘तिमीलाई भेटेपछि जिन्दगी नै नयाँ लाग्न थाल्यो ।’

उनीहरूबीचको मित्रता प्रेममा बदलिन समय लागेन । आर्यनको साथले पुष्पाको आत्मविश्वास बढाएको थियो । उनीहरू कलेजपछि र बिदाको दिन प्रायः सँगै हुन्थे । पुष्पा र आर्यनले पोखराका प्रत्येक पार्क र चौतारामा समय बिताएका छन् ।

फेवातालको किनारामा होस् वा सराङ्कोटका छेउ, उनीहरू पुगिरहन्थे । सँगै बसेर सपनाहरू बुन्थे । आर्यनले काठमाडौंमा राम्रो जागिर खाने कथा सुनाउँथ्यो भने पुष्पाले लेखक बन्ने कथा सुनाउँथिन् ।

तर, सम्बन्ध र समय सधैं एउटै नहुने रहेछ ।

पढाइ पूरा भएपछि आर्यनलाई काठमाडौं फर्कनु थियो । आर्यन काठमाडौं आएसँगै उनीहरूबीचको सम्पर्क पनि कम हुँदै गयो । सुरुमा फोन र म्यासेजले उनीहरूलाई जोडिराख्यो तर समयसँगै आर्यनको व्यस्त जीवनले दुरी बढाउन थाल्यो । पुष्पा भने आफ्नो गाउँमै एउटा विद्यालयमा पढाउन थालिन् । उनी आर्यनसँगको सम्बन्धका लागि आफ्नो हरेक प्रयास गर्दै थिइन् ।

आर्यनले सुरुमा प्रतिज्ञा गरेको थियो, ‘दुरीले हाम्रो प्रेमलाई तोड्न सक्दैन ।’ तर, उसको स्वरको मिठास बिस्तारै हराउँदै गयो । केही महिनापछि, पुष्पाले आर्यनलाई भेट्न काठमाडौं जाने निर्णय गरिन् । उत्साह र त्रास मिश्रित मनले उनी बस चढेर काठमाडौंतर्फ लागिन् । झण्डै ८ घण्टाको यात्रापछि काठमाडौं आइपुग्दा पुष्पाका लागि सुखद समाचार प्राप्त भएन । काठमाडौं झर्दा नझर्दै उनले थाहा पाइन्- आर्यनको जीवनमा कोही अर्को छ ।

उनी आर्यनलाई ‘सरप्राइज’ दिन्छु भन्दै थाहै नदिई काठमाडौं आएकी थिइन् । बसपार्कमा ओर्लिएसँगै उनी सिधै आर्यनले काम गर्ने बानेश्वर ओर्लिएकी थिइन् । तर, विडम्बना ! जहाँ आर्यनको प्रतीक्षा गर्ने रेस्टुरेन्ट (सागर चियाघर) थियो, त्यहाँ आर्यन अर्कै युवतीसँग रमाइलोमा थियो । उनीहरू अँगालोमा कसिएर गफमा मस्त थिए ।

त्यो दृश्यले पुष्पा बिक्षिप्त भइन् । त्यो क्षण उनको हृदय चिरियो । ‘किन यस्तो गऱ्यौ, आर्यन ?’, गला अवरुद्ध बनाउँदै सोधिन् ।

आर्यनसँग उत्तर थिएन । उसको आँखा झुक्यो ।

केहीबेरको मौनतापछि उसले भन्यो, ‘म सँगै रहन सक्दिनँ । परिस्थिति बदलिएको छ ।’

आर्यनको जबाफपछि उनको धैर्य टुट्यो । आफ्नो ब्याग समाइन् र ट्याक्सी चढेर बसपार्क हुँदै काठमाडौं छाडिन् ।

पुष्पाको पोखरादेखि काठमाडौंसम्मको यात्रा निकै नै अप्रिय बन्यो । उनी असाध्यै बेचैन भइन् । कुन गाडीमा छु, कहाँ आइपुगें भन्नेसम्म थाहा नपाई उनी पोखराको पृथ्वीचोकमा ओर्लिइन् ।

आर्यनको उत्तरले पुष्पालाई निकै नै कमजोर बनायो । पृथ्वीचोकमा झरेकी पुष्पा सिधै फेवाताल किनारमा पुगिन्, जहाँ उनले आर्यनसँगै समय बिताउने गरेकी थिइन् ।

फेवातालको छेउमा एक्लै बसेर आफूलाई सम्झाइन् । उनले अठोट गरिन्, ‘म कमजोर छैन । म आर्यनबिना पनि जिन्दगी अघि बढाउन सक्छु ।’

पुष्पाले आफ्नो ध्यान लेखनतर्फ केन्द्रित गरिन् । केही वर्षपछि उनको पहिलो पुस्तक प्रकाशन भयो, जसको शीर्षक थियो- ‘अधुरो प्रेम ।’

# स्थानीय सरकारसँग विकासमा प्रतिस्पर्धा गर्दै सामुदायिक वन

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, ४ माघ

अर्घाखाँचीका सामुदायिक वनहरु स्थानीय सरकारका प्रतिस्प्रधी बन्न थालेका छन् ।

केही वर्ष पहिला शीतगंगा नगरपालिका वडा नम्वर ११ को प्रगतिशील सामुदायिक वन समुदायलाई हस्तान्तरण गरिएको थियो । यो उदाहरणीय वनका रुपमा परिचित छ । समुदायको हितमा काम गर्दै आएको समुहले नेतृत्व विकासमा जोड दिएको छ । महिला, आदिवासी, जनजाती तथा सिमान्तकृतलाई अघि बढाउने काम भएका छन् ।

त्यस्तै शीतगंगा ११ को शंकरपुर सामुदायिक वन उपभोक्ता समुहले आफ्नै पहिचान बनाएकोमा सिंगो समुह र सबै उपभोक्ताहरु हर्षित छन् ।

शीतगंगा नगरपालिका वडा नम्बर ११ मा रहेका धेरै सामुदायिक वनहरु उपभोक्ता समुहलाई हस्तान्तरण हुनुअघि यो वन क्षेत्रमा व्यापक फँडानी भएको कारण सरकारले स्थानीय समुदायलाई सामुदायिक वन हस्तान्तरण गरेको थियो ।

चोरी तस्करीले वन नै उजाड हुँदै गएपछि बल्ल सरकारले समुदायलाई संरक्षणका लागि जिम्मा दिएको थियो । समुहलाई दिएर सामुदायिक वन बनाइएपछि भने जंगलको स्तरमा धेरै राम्रो सुधार भएको बताउँछन् । उपभोक्ता भानुभक्त पल्लीले भने,'तन, मन र धन दिएर संरक्षण गरेका थियौं । अहिले राम्रो आयआर्जनको स्रोत सामुदायिक वन बनेको छ ।'



साल, साज, चिलाउने, सिसौ, कर्मा, टुनि लगायत विभिन्न प्रजातिका रुख बिरुवाहरु रहेको सामुदायिक वनमा हुने चोरी तस्करी नियन्त्रण गर्न समुदायले चनाखो भएर रेखदेख गरकै कारण वनको स्तर राम्रो भएको शीतगंगा ११ का स्थानीय दिपक कुँवर बताउँछन् । हिजोआज पनि सो क्षेत्रमा हुनसक्ने फँडानी रोक्न समुहले गस्ती गर्ने, अनुगमन तीव्र पार्ने जस्ता कामहरु गरिरहेकाले समुहका पदाधिकारीलाई सँधै चटारो हुने गरेको कुँवरको दाबी छ । 'महेन्द्र राजमार्गसँगै जोडिएको वन भएकोले हामीले चोरी तस्करी रोक्न धेरै मेहनत गर्दै आएका छौं' मजुरे सामुदायिक वन उपभोक्ता समुहका अध्यक्ष प्रदिप विसीले भने,'यस्तै वनमा जंगली जनावर तथा पशुपन्छीलाई पानीको अभाव नहोस् । चैत वैशाखमा हुने डडेलो नियन्त्रण गर्न सजिलो होस् ।' जंगलमा आगलागी नहोस् भन्ने मुख्य उद्देश्यले पानीको स्रोत पनि संरक्षण होस् भनेर समुहले यस वर्षबाट पानीका पोखरी समेत निर्माण गर्ने तयारी गरेको मजुरेका अध्यक्ष विसीको भनाइ छ ।

घौवा महिला सामुदायिक वनका अध्यक्ष टिकाराम भट्टराईले शीतगंगाका धेरै सामुदायिक वनले अब बाटो निर्माण सिँचाइ कुलो निर्माण, बिजुली बत्ति, आयआर्जन अन्तर्गत कुखुरा पालन, बाख्रा पालन, बंगुर पालन, खानेपानी पाइप वितरण, बीउ मल वितरण स्थानीय युवाहरुलाई रोजगारी, सामुदायिक वनका पदाधिकारीलाई विभिन्न ठाउँहरुको अवलोकन, भ्रमण, टनेल वितरण, उत्पादनमा अनुदान, सहकारी संस्था संचालन जस्ता रचनात्मक काम गरेको बताए । गाउँको विकासमा समेत समुहले योगदान दिएको भट्टराईको दावी छ ।

यस्तै गाउँको सडक निर्माण तथा मर्मतमा पनि सामुदायिक वन र धार्मिक आस्थाका केन्द्रहरु समेत भएकोले सामुदायिक वनलाई पर्यपर्यटनसँग जोडेर त्यसबाट लाभ लिने योजना समुहले बनाएको उपाध्यक्ष पदम गुरुङ्ले बताए ।

त्यसका लागि स्थानीय तहसँग समन्वय गरी काम गर्ने उपभोक्ता समितिका पदाधिकारीले बताए । सामुदायिक वनबाट शीतगंगा १२ डोहोटेका उपभोक्ताले पनि उल्लेखनीय लाभ लिएका छन् । सामुदायिक वनको पैसाबाट सडक, विद्युत्, खानेपानीका पूर्वाधार बनाउने, सडकको पहुँच विस्तार गर्ने, डडेलो नियन्त्रणका लागि प्रचार-प्रसारका काम गर्ने योजना समुहको रहेको उपभोक्ता समितिका अध्यक्ष रेशम बन्जाडेले जानकारी दिए । शीतगंगा १३ को धिरिखोला सामुदायिक वन तथा शीतगंगा १४ को पावरा सामुदायिक वन, शीतगंगा ११ को गैडे सामुदायिक वन, शीतगंगा संरक्षण, जैविक विविधता, आयआर्जन, नेतृत्व विकास जस्ता मुद्दामा धेरै अघि बढेको छ । वनको आयआर्जन कम भएपनि उपभोक्ताहरुमा संरक्षणको जोश धेरै छ । सामुदायिक वनले गाउँमा चेतना जगाउन र सहकार्य गर्दै अघि बढ्न उपभोक्ताहरुलाई जागरुक समेत बनाउँदै आएका छन् ।

### रौतहटमा एचपीभी खोप अभियान

# २०० जनशक्ति खटाइँदै

**सत्येन्द्रप्रताप सिंह/मध्यान्ह**
रौतहट, ४ माघ



पाठेघरको मुखको क्यान्सरविरुद्धको एचपीभी खोपअभियानमा रौतहटमा दुई सय जनशक्ति खटिने भएका छन् ।

जिल्ला स्वास्थ्य कार्यालय रौतहट गौरद्धारा पाठेघरको मुखको क्यान्सरविरुद्धको 'एचपीभी खोप'अभियान २०८१ जिल्ला स्तरीय खोप समन्वय समिति तथा संचारकर्मीहरु बीचको अभिमुखीकरण बैठकमा जिल्ला स्वास्थ्य कार्यालय रौतहट प्रमुख राजेश सिंहले खोप अभियानका लागि दुई सय जनशक्तिलाई तालिम दिइसकेको बताए ।

माघ २२ गतेदेखि देशैभरी सुरु हुने एचपीभी खोप अभियान फागुन ६ गतेसम्म सञ्चालन हुनेछ । खोप खास गरी कक्षा ६ देखि १० सम्मका छात्राहरुलाई लगाइने भएको छ । विद्यालय बाहिर रहेका १० वर्षदेखि १४ वर्षकी बालिकालाई खोप लगाइने प्रमुख सिंहले बताए ।

नेपालमा पाठेघरको मुखको क्यान्सरको समस्या बढ्दै गएको अवस्थामा नेपाल सरकारले कक्षा ६ देखि १० मा अध्ययन गर्ने बालिकाहरुलाई अभियानका रुपमा संचालन हुने भएकाले संचारकर्मीहरुको महत्वपूर्ण भूमिका रहने प्रमुख सिंहले बताए ।

नेपाल पत्रकार महासंघ रौतहटका सभापति संजयकुमार कार्कीले राष्ट्रको महत्वाकांक्षी कार्यत्रुम एचपीभी खोप अभियानलाई पूर्ण रुपमा रौतहटका संचारकर्मीहरुले सफल पार्ने प्रतिबद्धता जनाए ।

जिल्ला समन्वय समितिका अध्यक्ष रामअयोध्याय यादवको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख जिल्ला अधिकारी हिरालाल रेग्मी, नेपाल प्रहरीका प्रहरी उपरीक्षक दिलिप घिमिरे, सशस्त्र प्रहरीका सप्रउ विक्रम हुमागाईं, राष्ट्रिय अनुसन्धानका उपनिर्देशक अभिनय कुमार सिंह, प्रादेशिक अस्पताल गौरका मेसु मुरारी ठाकुर, जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख राजेश सिंह लगायतको उपस्थिति रहेको थियो ।

# अन्तर मन्त्रालयको काम ५ दिनभित्र टुंग्याउन निर्देशन



**जुनु भट्टराई/मध्यान्ह**
विराटनगर, ५ माघ

कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले एउटा मन्त्रालयबाट अर्को मन्त्रालयमा सहमतिका लागि गएको फाइल २ दिनदेखि ५ दिनभित्र टुंग्याउन निर्देशन दिएका छन् । प्रदेश सरकारको अर्थिक वर्ष २०८१/८२ को अर्धवार्षिक समीक्षा कार्यक्रममा सहमतिका लागि गएको फाइलहरु अड्किँदा काम ढिलो भएकोले बढीमा ५ दिनभित्र टुङ्ग्याउन निर्देशन दिएका हुन् ।

समीक्षा कार्यत्रुममा बोल्दै मुख्यमन्त्री कार्कीले जेठ १५ गतेभित्र अन्तर्क्रिया गोष्ठी जस्ता कार्यक्रमहरु सक्नका लागि पनि निर्देशन दिएका छन् ।

'जेठको अन्तिम लागेपछि कार्यक्रममा जानको लागि हैरान हुन्छ, दिनमा तीन चारवटा कार्यक्रम हुन्छन्, त्यसले नतिजा पनि दिएको छैन र जनताले पनि पचाएका छैनन् । यस्तो काम रोक्ने गरी अघि बढ्नपर्छ' मुख्यमन्त्री कार्कीले भने ।

कम्तिमा हप्तामा तीनदेखि चार दिन मन्त्री र सचिवलाई सँगै बसेर मन्त्रालयको काम गर्न पनि उनले आग्रह समेत गरे । 'पर्फमेन्स देखाउँ र प्रभावकारी रुपमा काम गरौं,' मुख्यमन्त्री कार्कीले भने'हाम्रो नीति, कार्यक्रम तथा बजेट खर्चको अवस्था अहिलेसम्म सन्तोषजनक छैन, पफर्मेन्स गर्न लागौं, बेरुजू फछ्र्यौट र शासकीय सुधारलाई पहिलो स्थानमा राखेर काम गरौं ।'

सरकारले गरेका सन्धी, सम्झौता, दीगो विकासका लक्ष्य लगायतलाई ध्यान दिएर मानवीय विकासमा काम गर्न पर्ने अवस्था रहेको समेत औंल्याएका थिए ।

आगामी माघ ७ गतेदेखि सुरु हुने प्रदेश सभाको अधिवेशनमा नयाँ विधेयक र संसोधन गर्नुपर्ने ऐन पनि छिटो पेश गर्ने गरी तयारी गर्न मुख्यमन्त्री कार्कीले मन्त्रीहरुलाई निर्देशन दिए ।

प्रदेश सभामा मन्त्रालयका विषयमा उठेका विषयहरु सम्बन्धित मन्त्रीले ढिलोमा एक हप्ताभित्र जवाफ दिने गरी तयारी गर्नसमेत आग्रह गरे । प्रदेश सभालाई प्रभावकारी रुपमा सञ्चालन गर्नका लागि सबै लाग्नुपर्ने बताउँदै २०७७ सालपछिको सबै भन्दा प्रभावकारी र राम्रो यही अधिवेशन हुने भएकाले त्यसतर्फ लाग्नुपर्ने बताए ।

कार्यत्रुममा आन्तरिक मामिला तथा कानुनमन्त्री रेवतिरमण भण्डारीले ऐन र नियमावलीमार्फत काम गर्नु पर्ने बताउँदै कार्यविधि र निर्देशिकाबाट काम गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्ने गरी अघि बढ्ने बताए ।

प्रमुख सचिव केदारनाथ शर्माले मन्त्रालयहरुले समयसीमा अनुसार काम गर्नुपर्नेमा जोड दिए । एकै पटक नियमावली र कार्यविधि ल्याएर काम गर्ने कुरा ठिक नभएको भन्दै पुँजीगत खर्च कसरी बढाउन सकिन्छ त्यसमा लाग्नुपर्ने र यसमा मन्त्रालयहरुले ध्यान दिन जरुरी रहेको उनले बताए । समीक्षा कार्यक्रममा कोशी प्रदेश सरकारका सबै मन्त्री तथा राज्यमन्त्री, मन्त्रालयका सचिवहरुको उपस्थिति रहेको थियो ।

**U A E मा रोजगारको अवसर** Company: ALMLAZ CARPENTRY & INSULATION CONTRACTING L.L.C
पूर्व स्वीकृती मिति: २०८१/१०/४ LT. No.: 317210

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | PLUMBER | 05 | 0 | 1200 | ४५,२६५ | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | CARPENTER | 05 | 0 | 1200 | ४५,२६५ | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | छ | |
| 3 | STEEL FIXER | 05 | 0 | 1200 | ४५,२६५ | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | छ | |
| 4 | PLASTER | 05 | 0 | 1200 | ४५,२६५ | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | छ | |
| 5 | BRICK MASONS | 05 | 0 | 1200 | ४५,२६५ | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | छ | |
| 6 | TILE LAYER | 05 | 0 | 1200 | ४५,२६५ | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | छ | |

हवाई टिकट: नि:शुल्क | भिषा शुल्क: नि:शुल्क | सेवा शुल्क: नि:शुल्क
अन्तरवार्ता: २०८१ माघ १२ (25 January, 2025) गते काठमाण्डौमा रहेको मेनपावरको कार्यालय शान्तिनगरमा हुनेछ ।
कुल लागत खर्च: नि:शुल्क
MARVELOUS EMPLOYMENT NEPAL Lic.No. 065/051/052 AN ISO 9001-2008 Certified Company
**मार्भलस इम्प्लोएमेन्ट नेपाल प्रा. लि.**
काठमाण्डौ-३४, शान्तिनगर, काठमाण्डौ.
फोन: ०१ - ४६२०९२९, ४६२११७६
E Mail: marvelousnepal98@gmail.com
मोबाइल: ९८०१०४२६१९, ९८२३८३९७५३, ९८२३४०१४८५, ९८६३५२८७८९, ९८४९३३१११२

**UAE मा रोजगार** कम्पनी: Berkeley Security Services & Building Cleaning (Br. Of Berkeley Services UAE LLC) शहर: UAE
पूर्व स्वीकृत मिति: २०८१/१०/०४ चलानी नं.: ६०२३१४८७ LT. NO.: 317259

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards | 10 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४५,१४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cleaner General | 150 | 40 | | 800 | ३०,०९६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ माघ १२ गते (25 January 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**शिवाकोटी मेनपावर सर्भिस प्रा. लि.**
श्रम इजाजत पत्र नं.: ८०६/०६५/०६६
टाउन प्लानीङ, गगंबु, काठमाडौं, नेपाल, Phone: 01- 4987991 mobile no 9851090365 | Email:-siwakoti806@gmail.com

**युएईमा रोजगार** कम्पनी: Asia Prime General Contracting Co. L.L.C. शहर: UAE
पूर्व स्वीकृत मिति: २०८१/०२/११ चलानी नं.: ६०२१५९८३ L.T. No.: 305324 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 27 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ५१,१९७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | STEEL FIXER | 17 | 0 | | 1200 | ५१,१९७ | | | | | | | |
| 3. | MASON | 29 | 0 | | 1200 | ७२,५२५ | | | | | | | |
| 4. | Helper | 45 | 0 | | 850 | ४२,६६४ | | | | | | | |

अन्तर्वार्ता तिलोत्तमा ट्रेनिङ सेन्टर बुटवलमा २०८१ माघ १२ गते (25 January 2025) मा हुनेछ ।
अन्तर्वार्ता गल्फ ट्रेनिङ सेन्टर जनकपुरमा २०८१ माघ १३ गते (26 January 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

**PRESTIGE ASSOCIATES PVT. LTD.**
श्रम इजाजत पत्र नं.: ७३०/०६४/०६५
Baneshwor, Kathmandu, Nepal, Phone No. : 4104101 | 4466770 | 9702624732
Butwal: 9845518018 | 9823098837 | 9804411698, Itahari: 9804397021 | 9810436524

**Saudi मा रोजगार**

Establishment Mohamed Haadi Mohamed Al Deghis Commercial
पूर्व स्वीकृति मिति: २०८१/१०/३ चलानी नं.: ६०२३१४१४ LT No. 317193

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Coffee Maker | 3 | 0 | काममा दक्ष | 1200 | 44,200 I- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

Establishment Magid Abdulrahman Saad-eddine Al-johani For Investment
पूर्व स्वीकृति मिति: २०८१/१०/३ चलानी नं.: ६०२३१४११ LT No. 317195

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Coffee Maker | 2 | 0 | काममा दक्ष | 1200 | 44,200 I- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

Southern Summits Beverage Company KSA
पूर्व स्वीकृति मिति: २०८१/१०/३ चलानी नं.: ६०२३१४१० LT No. 317196

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Coffee Maker | 1 | 0 | काममा दक्ष | 1200 | 44,200 I- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

Cafe Abdullah Mohamed Ben Haadi Al- Qurei For Beverages
पूर्व स्वीकृति मिति: २०८१/१०/३ चलानी नं.: ६०२३१४०९ LT No. 317197

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Coffee Maker | 4 | 0 | काममा दक्ष | 1200 | 44,200 I- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

Establishment ALI MARZOUK SALEM AL- KULAIB For Contracting
पूर्व स्वीकृति मिति: २०८१/१०/३ चलानी नं.: ६०२३१४१२ LT No. 317192

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Coffee Maker | 1 | 0 | काममा दक्ष | 1200 | 44,200 I- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता २०८१ माघ १२ गते (25 Jan., 2025) यस प्रा. लि. को कार्यालय जावलाखेल, ललितपुरमा हुनेछ ।
**लक्की एच.आर. सोलुसन प्रा. लि.**
श्रम ईजाजत नं.: ८७५/०६६/०६७
जावलाखेल, ललितपुर, फोन : ५४२०५६२, ५४५५१८०, ५४५०६३४, ५४५५१४४
E-mail : info@merocvs.com/ info@luckyhrsolution.com

**UAE मा रोजगार** Farnek Manpower Supply Services - Sol Proprietorship L.L.C
पूर्व स्वीकृती मिति: २०८१/१०/०३ चलानी नं.: ६०२३१४०८ LT No.: 317226

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Cleaner | 200 | काममा दक्ष | 900 | 33,000 I- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता २०८१ माघ १२ गते (25 Jan., 2025) यस प्रा. लि. कार्यालय महाराजगंज काठमाडौमा हुनेछ ।
**SHAN A.B. INTERNATIONAL PVT. LTD.**
Licence No.:915/067/68
Maharajgunj Chowk (Near to Bhat Bhateni Supermarket), Kathmandu
Tel : 01- 4378890, 4378054

